म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९५ शुक्रबार ३० कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 15 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**सुशासन प्रवर्द्धन गरौं**

☞ कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,
☞ भ्रष्ट्राचार, अनियमितता विरुद्ध शून्य सहनसील बनौं,
☞ सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,
☞ राज्य र समाजप्रतिको जिम्मेबारी तथा कर्तव्यबोध गरौं,
☞ रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं,
☞ विकास निर्माणका कार्यमा सहभागी बनौं,
☞ अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,
☞ सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### कृषिमन्त्री श्रेष्ठको १०० दिन

## किसानलाई साढे २ करोडदेखि मल कारखानालाई ७ करोड बजेटसम्म

प्रतिक्षा न्यौपाने

हेटौंडा, २९ कात्तिक/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठले आफ्नो १०० दिनको कार्यकालमा भएका प्रमुख उपलब्धिहरु सार्वजनिक गरेका छन् ।




मन्त्रालयले कृषि, पशुपन्छी तथा मत्स्यक्षेत्रमा प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट क्षति व्यहोरेका किसानलाई राहत, बाढीपहिरो पीडित किसानको तथ्यांक संकलन गरी राहत प्याकेजको लागि आवश्यक बजेट माग गरेकोदेखि समुदायमा आधारित खेतीप्रणालीमार्फत् कृषिउत्पादनमा स्वनिर्भर वडा निर्माण गर्न ५० वटा वडामा कार्यक्रम सुरु हुने क्रममा रहनुका साथै थप २५ वटा वडा छनोटको प्रक्रिया अघि बढेको, लम्पिस्किन डिजिजविरुद्ध सप्ताहव्यापी खोप अभियान सञ्चालन गरी ७१,९७७ गाईभैंसीलाई खोप लगाएको कार्यसम्मलाई उपलब्धीका रुपमा समेटेको छ ।

हेटौंडा-११ मा निर्माणाधीन प्रादेशिक कृषि थोक बजारको निर्माणकार्य सम्पन्न हुने चरणमा पुगेको छ । प्रदेशका ८ जिल्लाका १० स्थानमा निर्माणाधीन शीतभण्डारको निर्माणकार्य ८५ प्रतिशत सम्पन्न भएको र यी शीतभण्डारमा करिब १५,८०० मेट्रिकटन भण्डारण क्षमता रहेको मन्त्रालयले जनाएको छ । प्राकृतिक विपद्बाट क्षति पुगेका १०३ जना किसानलाई हालसम्म २ करोड ५४ लाख ३४ हजार १६३ रुपैयाँ राहत रकम उपलब्ध गराइएको छ ।

चालु आर्थिक वर्षमा यसका लागि ५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । प्रदेशका २६ स्थानमा निर्माणाधीन 'एक वडा एक पशुस्वास्थ्य क्लिनिक' मध्ये १८ वटाको भवन निर्माणकार्य सम्पन्न भएको छ । दूध उत्पादक कृषकलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षमा २० करोड रुपैयाँ स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको मन्त्री श्रेष्ठले जानकारी दिए ।

हेटौंडामा निर्माण सम्पन्न भएको दुध पाउडर प्लान्टको सञ्चालन मोडालिटि सम्बन्धमा अध्यन गरी सुझाव प्रदान गर्नको लागि कार्यदल गठनको अन्तिम चरणमा रहेको मन्त्री श्रेष्ठले बताए । गुणस्तरीय भेटेरिनरी सेवालाई थप विस्तारका लागि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञकेन्द्र, चितवनमा आधुनिक भेटेरिनरी अस्पताल निर्माणकार्य ९२ प्रतिशत सम्पन्न भएको, कृषि, पशुपन्छी तथा मत्स्यक्षेत्रमा प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट क्षति पुगेका १०३ जना किसानलाई हालसम्म २ करोड ५४ लाख ३४ हजार १ सय ६३ रुपैया राहत रकम उपलब्ध गराइएको उपलब्धी समेटिएका छन् । राहतका लागि मन्त्रालयले चालु आर्थिक वर्ष २०८१/८२ मा ५ करोड रकम विनियोजन गरिएको उल्लेख गरेको छ ।

प्राङ्गारिक मल उत्पादनकार्यलाई व्यवस्थित, सरल, सुलभ र गुणस्तरीय बनाई प्राङ्गारिक मलको नियमित प्रयोग गर्दै माटो व्यवस्थापन र दिगो कृषिउत्पादन कायम गर्न एक प्रदेश निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रम प्रारम्भ भएको मन्त्री श्रेष्ठले जानकारी दिए । चालु आवमा ७ र गत आवका ७ वटा गरी १४ वटा कारखाना स्थापना गर्न ७ करोड रकम विनियोजन गरिएको उनले बताए ।

पशुस्वास्थ्य तथा क्लिनिकल सेवालाई विस्तार गर्न स्थानीय तहसँगको समन्वयमा प्रदेशका २६ स्थानमा निर्माणाधीन 'एक वडा एक पशुस्वास्थ्य क्लिनिक' मध्ये मकवानपुर ३, सिन्धुली २, रामेछाप २, दोलखा ३, सिन्धुपाल्चोक ३ र काभ्रेपलाञ्चोक ५ गरी १८ वटाको भवन निर्माणकार्य सम्पन्न भएको तथा रामेछापको मन्थली-५ नम्बर वडा र लिखु तामाकोशी गाउँपालिका-६ नम्बर वडामा गरी २ वटा क्लिनिक सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरिएको मन्त्रालयले उपलब्धिमा उल्लेख गरेको छ ।

कृषिक्षेत्रमा लगानी बढाउन बैंक तथा वित्तीय संस्था मार्फत् सहुलियतपूर्ण कृषिकर्जा (ब्याज अनुदान) कार्यक्रम सञ्चालनका लागि २ करोड ५० लाख बजेट विनियोजन गरिएकोमा कार्यान्वयनका लागि कार्यविधि तयारीको अन्तिम चरणमा रहेको, प्रदेशमा रासायनिक मलको माग बमोजिम उपलब्ध गराउनको लागि संघिय कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरिएको, कृषि तथा पशुपालनतर्फ विनियोजित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि १० वटा नयाँ कार्यविधि तयार गरी स्वीकृत गरिएको उनले जनाए ।

कृषक बर्गीकरण र सूचिकरणकार्य तदारुकताका साथ अगाडि बढाउन लागिएको, कृषि विशेष पकेटक्षेत्र घोषणा गरी सघनरुपमा कार्यक्रम संचालनको तयारी गरिएको, प्रदेशको कृषि व्यवसाय प्रवर्द्धनको लागि प्रदेश कृषि व्यवसाय प्रवर्द्धन समिति गठनकार्य अन्तिम चरणमा रहेको मन्त्रालयले जानकारी दिएको छ ।

बागमतीका मुख्यमन्त्री बहादुरसिं लामाले बुधवार मात्रै प्रदेश सरकारको १०० दिनको उपलब्धि सार्वजनिक गरेका थिए । मुख्यमन्त्री लामाले नीतिगत र कानुनी सुधार, संवैधानिक नियुक्ति तथा अन्य निकायमा लामो समयदेखि रिक्त पदमा परिपूर्ति, सार्वजनिक प्रशासन तथा जनशक्ति प्रशासन, पूर्वाधार निर्माण, स्वास्थ्य, सामाजिक, कृषि तथा पशुपन्छी क्षेत्रको विकास, युवा तथा खेलकुद, प्रदेशको वित्तीय अवस्था र सार्वजनिक खर्च व्यवस्थापनलगायत नीतिगत र संस्थागत उपलब्धी समेटेर सय दिनको प्रगति प्रस्तुत गरेका थिए ।

## मकवानपुरको प्रमुख समस्या लागूऔषध




साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मकवानपुरका प्रहरीप्रमुख (प्रहरी उपरीक्षक) विश्वराज खड्काले लागूऔषधको कारण धेरैले अकालमै ज्यान गुमाउन बाध्य रहेको बताएका छन् ।

चैनपुर जेसीज मनहरीको जेसीज सप्ताहअन्तर्गत बिहीवार महेन्द्रज्योति माविमा भएको लागूऔषध दुर्व्यसन सम्बन्धी सचेतनामुलक कार्यक्रमको प्रमुखअतिथि रहेका एसपी खड्काले पछिल्लो समय लागूऔषध ठूलो चुनौतीको रुपमा रहेको बताएका छन् । 'मकवानपुर जिल्ला लागूऔषध उत्पादन, सेवन र ओसारपसारमा अग्रस्थानमा रहेको छ,' एसपी खड्काले भने ।

खड्काले थपे, 'म आएपछि लागूऔषध नियन्त्रणमा विशेष अभियान सञ्चालन गरेको छु । पछिल्लो समय लागूऔषध हाम्रो मुख्य चुनौती बनेको छ । यसकै कारण धेरैले अकालमै ज्यान गुमाइरहेका छन् ।' लागूऔषध नियन्त्रणका लागि परिवारसहित जनप्रतिनिधिले विशेष अभियान सञ्चालन गर्नुपर्ने उनको सुझाव थियो । कार्यक्रममा मनहरी गाउँपालिका-३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले लागूऔषध नियन्त्रणका लागि मनहरी गाउँपालिका र वडाले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए ।

मनहरी गाउँपालिकामा लागूऔषध प्रयोगकर्ता बढेको पाइएको उनको भनाइ थियो । चैनपुर जेसीज मनहरीका संस्थापक अध्यक्ष गणेशदर्पण अधिकारीले लागूऔषधसम्बन्धी सचेतनामुलक कार्यक्रम योजनाबद्ध सञ्चालन गर्नुपर्ने औंल्याए । उनले प्रहरीले मनहरी गाउँपालिका क्षेत्रमा विशेष ध्यान दिन अनुरोध गरे ।

जेसीजका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा महेन्द्रज्योति माविका अध्यक्ष अष्टकुमार बर्तौला, प्रधानाध्यापक गोविन्दप्रसाद चौलागाईं, जेसीज सल्लाहकार बिदुर थापा, जेसीजका कार्यकारिणी उपाध्यक्ष सुरेश गौतमलगायतको आतिथ्यता रहेको थियो । कार्यक्रम बालकृष्ण बिष्टको संयोजकत्वमा भएको हो । चैनपुर जेसीज मनहरीले जेसीज सप्ताहसँगै खुला फुटबल प्रतियोगिता समेत आयोजना गरिरहेको छ ।

## ३१ किलो गाँजासहित रातोमाटेबाट २ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेबाट प्रतिबन्धित लागूऔषध ३१ किलो गाँजासहित २ जनालाई पक्राउ गरेको छ ।

रातोमाटे चेकपोईन्ट स्थित पूर्वपश्चिम राजमार्गमा मनहरीबाट पथलैयातर्फ जाँदै गरेको ना १ ह ८३२४ नंबरको अटोबाट ३१ केजी १२० ग्राम लागूऔषध गाँजासहित दुईजनालाई पक्राउ गरिएको हो ।

रातोमाटेबाट अटोचालक मकवानपुर मनहरी गाउँपालिका-७ प्याङ्चे बस्ने ३३ वर्षीय शंकर स्याङतान र सोही आटोमा सवार सोहीस्थानका ४० वर्षीय रामशरण प्रजालाई शंका लागी उनीहरुको शरीर तथा अटोसमेतको खानतलासी गर्दा अटोभित्र लुकाईछिपाई ल्याइएको अवस्थामा लागूऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले बताए ।

## प्रदेशप्रतिको गुनासो कामबाट चिर्न सकिन्छः मुख्यमन्त्री लामा



साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकारप्रति नागरिकको गुनासो कामको प्रचार गरेर चिर्न सकिने धारणा व्यक्त गरेका छन् ।

कान्तिपुर मिडिया ग्रुपले काठमाडौंमा आयोजना गरेको कान्तिपुर कन्क्लेभ-२०२४ मा उनले प्रदेश स्थापनापछि धेरै विकास भएको दाबी गरे । प्रदेश नचाहिने जनगुनासोलाई प्रदेशले काम गरेर चिर्न सक्नुपर्ने उनको भनाई छ । 'प्रदेश नचाहिने भन्ने जनगुनासो छ । खर्च गर्ने क्षमता छैन, भनेर गुनासो भएको हो,' उनले भने, 'प्रदेशका चुनौती छन् । ती चुनौती चिर्न प्रदेशले गरेको कामको प्रचार प्रसार गर्न सक्नुपर्छ ।'

लामाले मुलुकमा संघीयता लागू भएपछि प्रदेशले धेरै पूर्वाधार निर्माणको काम गरेको दाबी गरेका छन् । विकास पूर्वाधार, शिक्षा, स्वास्थ्य र खानेपानीक्षेत्रमा विकास भएको बताएका हुन् । 'प्रदेश आइसकेपछि पूर्वाधार निर्माण धेरै भएको छ । स्वास्थ्यक्षेत्रको धेरै सुधार भइसकेको छ,' कन्क्लेभको पाँचौं सत्र 'मुख्यमन्त्रीका मुख्य मुद्दा' विषयक अन्तक्रिया कार्यक्रममा उनले भने, 'शिक्षाक्षेत्र र खानेपानीदेखि लिएर सबै क्षेत्रमा सुधार भएको छ ।'

उनका अनुसार संघीयता लागू भइसकेपछि केन्द्रको तुलनामा प्रदेशले पूँजीगत खर्चमा सुधार गरेको छ । 'प्रदेश स्थापना गर्दा धेरै खर्च भएन होला । विस्तारै वृद्धिगर्दै ७० प्रतिशतभन्दा बढी पूँजीगत खर्च भएको छ,' उनले भने, 'केन्द्रिकृत हुँदाभन्दा अहिले धेरै सुधार भइसकेको छ । मुख्यमन्त्री लामाले सरकारको नेतृत्व गरेको साढे तीन महिनामा बुधवार हेटौंडामा १०० दिनको प्रगति सार्वजनिक गरेका थिए ।

## थाहामा राष्ट्रपति रनिङशिल्ड र मेयरकप भलिबल सुरु

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ थाहा नगरपालिकाको वार्षिक खेलतालिम अनुसार २९ कार्तिकबाट सातौं राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप भलिबल प्रतियोगिता सुरु भएको छ ।




थाहा नगरपालिका-३ इन्द्रायणीचौर खेलमैदानमा सुरु भएको प्रतियोगिताको एक समारोहकाबीच थाहा नगरप्रमुख विष्णुबहादुर विष्टले उद्घाटन गरे । १ मंसिरसम्म सञ्चालन हुने प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख विष्टले खेलकुद क्षेत्रको विकासका लागि थाहा नगरपालिका खेलकुदमा बजेट बढाउँदै लैजाने बताए । उनले अहिले देशकै अवस्थाका कारण पालिकाको पनि खेलकुदमा बजेट कम भएको उनको स्वीकारोक्ती थियो ।

खेलकुद विकास समिति थाहानगरका संयोजक टीकाराम स्याङ्तानको अध्यक्षतामा भएको उद्घाटन समारोहमा उपप्रमुख भरत गोपाली, प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरी तथा राजनीतिक दलका प्रमुखहरु, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यलगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रमका अतिथिलाई थाहानगर शिक्षा तथा युवा खेलकुद शाखाप्रमुख माधवविक्रम मल्लले स्वागत गरेका थिए ।

थाहानगरका ६ संस्थागत सहित १७ वटा माविका कक्षा १२ सम्मका १८ वर्ष ननाघेका विद्यार्थीले प्रतियोगितामा सहभागीता जनाएका छन् । राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा प्रथम हुने विद्यालयले नगद २५ हजार शिल्ड मेडल र प्रमाणपत्र, द्वितीय हुने विद्यालयले नगद १५ हजार शिल्ड मेडल र प्रमाणपत्र, तृतीय हुने विद्यालयले नगद १० हजार शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामै अंक जोडिने गरी संचालन भएको मेयरकप भलिबल प्रतियोगिताको छात्र र छात्रातर्फ हुने प्रतियोगितामा प्रथम हुने विद्यालयले नगद १५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र, द्वितीय हुने विद्यालयले नगद १० हजार, शिल्ड, मेडल र प्रमाणपत्र, तृतीय हुने विद्यालयले नगद ५ हजार, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । मेयरकप भलिबल प्रतियोगिता अन्तर्गत मार्चपास तथा भलिबल प्रतियोगिताको अकं राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगितामा जोडी समग्र प्रतियोगिताको विजेता घोषणा गरिनेछ ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बागमती सरकारको सयदिन

नेपाली समाजमा एउटा उखान छ 'हुने बिरुवाको चिल्लो पात' अर्थात बिरुवा उम्रनेबित्तिकै यसले कस्तो फल दिन्छ भन्ने विषयमा जानकारी हुन्छ । सरकारको हनिमुन अवधि पनि त्यस्तै बिरुवा उम्रेको जस्तै हो । सरकारको कामको रफ्तार यही सय दिनको आंकलनले भबिष्यमा हुने कामको अनुमान गर्न सकिन्छ । बागमती प्रदेश सरकारले ढिलो गरी १०० दिनको उपलब्धि सार्वजनिक गरेको छ जुन देखाउनका लागि काफी छैन । मुख्यमन्त्री बहादुरसिंह लामाले सयदिन पुगेको पनि १० दिनपछि अर्थात बुधवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय परिसरमा उपलब्धि सार्वजनिक गरेका हुन् । मुख्यमन्त्री लामाले नीतिगत र कानुनी सुधार, संवैधानिक नियुक्ति तथा अन्य निकायमा लामो समयदेखि रिक्तपदमा परिपूर्ति, सार्वजनिक प्रशासन तथा जनशक्ति प्रशासन, पूर्वाधार निर्माण, स्वास्थ्य, सामाजिक, कृषि तथा पशुपन्छी क्षेत्रको विकास, युवा तथा खेलकुद, प्रदेशको वित्तीय अवस्था र सार्वजनिक खर्च व्यवस्थापनलगायत नीतिगत र संस्थागत उपलब्धी समेटेर सयदिनको प्रगति प्रस्तुत गरे ।

नियमित कार्यसम्पादनका कुरालाई पनि सय दिनको उपलब्धीमा राख्दा सरकारको कार्यशैलीका बारेमा धेरै बोल्नै पर्दैन । लामाले अघिल्लो सरकारकै पालामा तयार भएका तीनवटा कानुन प्रदेशसभाबाट जारी भएको विषयलाई पनि उपलब्धिका रुपमा समेटेका छन् । यसअवधिमा विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष ऐन, २०८१, प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन, २०८१, प्रदेश स्वास्थ्य सेवा (पहिलो संशोधन) ऐन, २०८१ जारी भएको लामाले बताएका छन् । सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि दीर्घकालीन सोचसहितको प्रदेशको दोस्रो आवधिक योजना कार्यान्वयन गरिएको उनको भनाई छ । लामाले यस अवधिमा प्रदेश लोकसेवा आयोगको सिफारिसमा विभिन्न तह र सेवाका १७९ कर्मचारीको नियुक्ति, प्रदेश र स्थानीय तहमा कार्यरत् कर्मचारी र पदाधिकारीको ५४ हजार ९ सय ४३ थान सम्पत्ति विवरणको अभिलेख गरिएको, प्रदेश सेवातर्फ ४१ वटा सरुवा, ९ अध्ययन विदा स्वीकृत, ३० वैदेशिक तालिम मनोनयन, ९३ बढुवा सिफारिस र स्थानीय तहतर्फ १५८ वटा सरुवा भएको जनाएका छन् । यो सबै त नियमित कार्यसम्पादनकै कुरा हो । खाना खाने, कपडा लाउने, कार्यालय जाने, कुर्सीमा बस्ने, हाजिर गर्ने कामलाई सय दिनमा गरेको उपलब्धी भनियो भने के होला ? चुट्कीला र उखानटुक्का सुनाएर जनताले मान्नेवाला छैनन् । मन्त्री अमनकुमार मास्केले नेतृत्व गरिरहेको भौतिक पूर्वाधार विकास मन्त्रालयबाट कार्यसम्पादक भएका पूर्वाधार विकासतर्फ १३ किलोमिटर सडक कालोपत्रे, ११ किलोमिटर सडक ढलान, २२ किलोमिटर ग्राभेल, २७ किलोमिटर नयाँ ट्र्याक, ४ वटा सडक पुल, १ वटा झोलुङ्गे पुल र ३ वटा सामुदायिक भवन निर्माणकार्य सम्पन्न भएको लामाले आफ्नो उपलब्धीमा समेटेका छन् । यो त एउटा पालिकाले गर्ने खालको काम भयो ।

प्राकृतिक विपद्को समयमा क्षतिग्रस्त भौतिक पूर्वाधारको मर्मत सम्भारका लागि द्रुतप्रतिकार्य टोलीको गठन, दशैंको पूर्वसन्ध्यामा भएको विपद्को कारण क्षतिग्रस्त प्रदेश राजधानी हेटौंडादेखि उपत्यका जोड्ने मुख्य तीन प्रादेशिक सडक तथा विभिन्न जिल्लाका सडकमा सवारी आवागमन सुचारु गरिएको, क्षतिग्रस्त सडक, सिँचाइ, खानेपानी लगायतका भौतिक संरचनाको पुन:निर्माण कार्य भइरहेको लामाले जानकारी दिए । मुख्यमन्त्री लामाले सामुदायिक विद्यालयका शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन, प्रदेशभित्रका स्थानीय तहको क्षमता विकासका लागि प्रदेश सरकारले गरेको वित्तीय हस्तान्तरण, क्षमता विकासका कार्यक्रम, वित्तीय लगानी र सहकार्यात्मक सह्योगले स्थानीय शासन सुदृढीकरणमा महत्वपूर्ण योगदान पुगेको, नीतिगत, संस्थागत, प्रक्रियागत तथा व्यवहारिक सुधारका कार्यबाट सार्वजनिक सेवाप्रवाहलाई सरल, सहज, गुणस्तरीय, जनमैत्री र पारदर्शी बनाई सुशासन प्रवर्द्धनमा योगदान पुगेको दाबी गरेका छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर १ गते शनिबार १६ नोभेम्बर २०२४ । प्रतिपदा, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:२७, सूर्यास्त ५:०९ । मार्ग शीर्ष संक्रान्ति ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ | तुला | : रोकिएका काम सम्पादन हुनेछन् |
| वृष | : आध्यात्मिक चेतना प्राप्त हुनेछ | वृश्चिक | : पठन-पाठनमा प्रगति हुनेछ |
| मिथुन | : शुभ समाचार मिल्नेछ | धनु | : सभा-समारोहमा अवसर मिल्नेछ |
| कर्कट | : व्यापार लाभप्रद रहनेछ | मकर | : आत्मविश्वासमा कमी आउनेछ |
| सिंह | : सन्तानको चिन्ता बढ्नेछ | कुम्भ | : व्यापारमा हानि हुन सक्नेछ |
| कन्या | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ | मीन | : समाजमा सराहना हुनेछ |

# ट्रम्प नीतिले बदल्ने विश्व व्यापार र नेपाल प्रभाव



✍ पुरुषोत्तम ओझा

दोस्रो विश्वयुद्धको विभीषिकापछि मुलुकहरूको पुनर्निर्माणका लागि नेतृत्व लिएको संयुक्त राज्य अमेरिकाको पहलमा लगानी मुद्रा र व्यापारको क्षेत्रलाई नियमबद्ध गर्न सन् १९४४ मा ब्रेटनउड संस्थाको जन्म भएको थियो । विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र सन् १९४७ मा स्थापना भएको भन्सार र व्यापार सम्बन्धी सामान्य सम्झौता (ग्याट) ले मुलुक-मुलुक बीच अन्तरनिर्भरताको स्थिति सिर्जना गर्दै विश्व अर्थतन्त्रलाई गतिवान् बनाउने लक्ष्य लिएको थियो ।

शीतयुद्धको समाप्तिसँगै विश्व एकल ध्रुवीय जस्तो बन्न गएको र अधिनायकवादी तथा साम्यवादी शासन प्रणाली ढल्दै गरेको अवस्थामा वाशिङ्गटनस्थित अर्थशास्त्रीहरूले ऋणमा डुबेका र आर्थिक समस्यामा परेका मुलुकहरूलाई संकट समाधान गरी उन्नतिको शृंखलामा उक्लन खुला र उदार एवम् बजार व्यवस्थामा आधारित अर्थतन्त्र निर्माणका लागि विभिन्न नीतिगत सुधारको खाका प्रस्तुत गरेका थिए जसलाई अन्तर्राष्ट्रिय अर्थशास्त्रका लागि पिटरसन संस्थाका वरिष्ठ अर्थशास्त्री जोन विलियमसन्सले वाशिङ्गटन सहमति (वाशिङ्गटन कन्सेन्सस) भनी नामकरण गरिदिए ।

तेस्रो मुलुकको आर्थिक अवस्थामा सुधार ल्याउन यी सुझावहरू धेरै हदसम्म उपयोगी भएकोले धेरै मुलुकले यही नीति अवलम्बन गरे र गरिरहेका पनि छन् । अमेरिकाको ठूलो लगानी रहेको विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष र अमेरिकी सरकारले पनि यही नीतिलाई समृद्धिको आधार मानेर तेस्रो विश्वका मुलुकहरूलाई सहयोगको हात बढाइरहेका छन् । भू-राजनीतिको हिसाबले विश्व महाशक्तिको रूपमा रहेको अमेरिकाको आर्थिक क्षमता पनि विश्वकै अग्रणी स्थानमा रहेको छ । आर्थिक मामलाका विज्ञहरू 'अमेरिकालाई हाछ्युँ आयो भने विश्वका अरू मुलुकलाई रुघा लाग्छ' भनी प्रतीकात्मक अभिव्यक्ति दिने गर्दछन् । यसले उक्त मुलुकको आर्थिक सम्पन्नता र विश्व आर्थिक मामलामा उसको प्रभावशाली हैसियतलाई उजागर गर्दछ ।

सन् १९४७ मा स्थापना भएको भन्सार महसुल र व्यापार सम्बन्धी सामान्य सम्झौता (ग्याट) को २३ वटा संस्थापक राष्ट्र मात्र नभई सो अन्तर्गतका विभिन्न चरणका वार्तालाई अगाडि बढाउने कुरामा संयुक्त राज्य अमेरिकाको प्रमुख भूमिका रहँदै आएको थियो । सन् १९९५ मा ग्याटलाई विश्व व्यापार संगठनमा रूपान्तरित गरिएपछि कतिपय मुलुकहरू नयाँ सदस्य बन्ने क्रम सुरु भयो । विश्व व्यापार संगठनको उद्देश्य मूलत: सबै सदस्यहरू बीच भन्सार र गैरभन्सार का पहलहरूमा समान हैसियतको व्यवहार गर्ने, व्यापारिक वस्तु तथा सेवा व्यापारमा राष्ट्रिय व्यवहार गर्ने र भन्सार शुल्क तथा गैर भन्सार अवरोधलाई कमि गराउँदै त्यस्ता उपायको अवलम्बनमा पारदर्शिता कायम गरी व्यापार प्रणालीलाई उदार, खुला तथा नियममा आधारित गर्ने रहेको छ ।

खुला व्यापार प्रणालीको माध्यमबाटै कतिपय विकासोन्मुख मुलुकहरूले आर्थिक उन्नतिका साथै गरिबी नियन्त्रणमा सफलता हासिल गरेका छन् । चीन, भारत, इण्डोनेशिया र ब्राजिल जस्ता मुलुकहरूले यस शताब्दीको सुरुदेखि नै आर्थिक विकासमा श्रेष्ठता हासिल गरेको तथ्य सर्वविदित नै छ । यसमध्ये चीनले विगतको करीब तीन दशकदेखि चामत्कारिक रूपमा आर्थिक प्रगति गरी पश्चिमा मुलुकहरूलाई चुनौती दिने अवस्थामा पुगेको मात्र नभई विश्वको दोस्रो ठूलो अर्थतन्त्रको रूपमा स्थापित हुन पुगेको छ । विकास अर्थतन्त्रका ज्ञाताहरूले सन् २०३० सम्ममा चीनको अर्थतन्त्रले अमेरिकी अर्थतन्त्रलाई उछिन्ने अनुमान लगाएका छन् ।

अमेरिकालाई भू-राजनीतिक तथा आर्थिक मामलामा बढ्दै गएको चुनौतीका बीच अमेरिका पहिलो (अमेरिका फ्रस्ट) र अमेरिकालाई फेरि महान् बनाउँ (मागा) भन्ने नाराका साथ सन् २०१६ मा डोनाल्ड ट्रम्प राष्ट्रपतिमा विजयी भए । सन् २०२० देखि २०२४ सम्मको अवधि उनको लागि विश्रामको समय भएतापनि हालै सम्पन्न अमेरिकी राष्ट्रपतिको चुनावमा फेरि दोस्रो पटक विजयी भएका ट्रम्पले २०२५ को सुरुदेखि पुरानै नाराको आधारमा पुन: शासन गर्ने जनादेश प्राप्त गरेका छन् ।

उनी यस पटक ह्वाइट हाउस प्रवेश गर्दै गर्दा अघिल्लो पटक भन्दा बढी शक्तिशाली राष्ट्रपतिको रूपमा शासन गर्ने छन् । लोकप्रिय मतमा पनि विपक्षी उम्मेदवारलाई उछिनेका, सिनेटमा उनको आफ्नै रिपब्लिकन पार्टीले स्पष्ट बहुमत प्राप्त गरेको र तल्लो सभामा पनि राम्रो स्थान पाउने अपेक्षाका आधारमा आफ्नो अनुकूल शासन गर्न पाउने थोरै राष्ट्रपतिको लहरमा पनि ट्रम्प देखिएका छन् ।

राष्ट्रपति ट्रम्पले चुनावका बेला गरेका प्रतिबद्धता र नीति घोषणा धेरैजसो प्रचलित विश्वव्यापी मान्यता विपरीत रहेका छन् । 'अमेरिकालाई पुन: महान् बनाऔं' अर्थात् (मागा) सँग जोडिएका विषयहरूमा बाहिरका मुलुकहरूबाट आयात गरिने सबै सामानमा २० प्रतिशत र चीनबाट आयात हुने वस्तुमा ६० प्रतिशत भन्सार शुल्क लगाउने, अवैध आप्रवासीहरूलाई धपाउने, संवेदनशील मानिएका क्षेत्रका प्रविधि अमेरिका बाहिर लैजान नदिने आदि रहेका छन् । एकताका जलवायु परिवर्तनको विषय झूटो हो भनेर प्रतिवाद गर्ने गरेका ट्रम्पको जलवायु परिवर्तनको समस्यालाई समाधान गर्ने कुरामा खासै चासो राख्दैनन् ।

खुला र नियममा आधारित विश्व व्यापार प्रणालीलाई अगाडि बढाउने विषयमा ट्रम्पको अघिल्लो कार्यकाल अवरोधकै रूपमा रह्यो । विश्व व्यापार संगठनको कार्यशैलीप्रति अमेरिकी प्रशासन असन्तुष्ट देखियो र संगठनको आत्मा मानिएको विवाद समाधानको लागि गठित पुनरावेदन संयन्त्र अर्थात् अपिलाट बडीमा न्यायाधीश नियुक्ति गर्ने कुरामा अमेरिकाले अवरोध गरेकोले केही वर्ष यता त्यो संयन्त्र नै निष्क्रिय बनेको छ ।

यसैगरी विकासोन्मुख मुलुकको नाउँमा कतिपय मुलुकहरू जस्तै चीन, मलेसिया, कोरिया, ब्राजिल आदिले लिएको फरक र विशेष सहुलियतको सुविधामा पनि अमेरिकाको चित्त बुझेको छैन । यी र यस्तै कारणले गर्दा ट्रम्प प्रशासन क्रमश: वर्तमान विश्व व्यापार प्रणालीबाट पछि हट्दै जान लागेको आकलन गरिंदैछ ।

### संरक्षणवादतर्फको अग्रसरता

प्रथम विश्वयुद्ध पछिको समयमा धेरै मुलुकले स्वदेशी उद्योगहरूलाई संरक्षण गर्ने नीति अख्तियार गरे । यसले गर्दा विश्व व्यापारमा धेरै संकुचन आउन थाल्यो । अमेरिकाले सन् १९३० मा स्मुट हाउले महसुल ऐन पारित गरेर आयातमा व्यापक रूपमा भन्सार महसुल लगाउन सुरु गऱ्यो । यसको साथसाथै विश्वमा आर्थिक मन्दी पनि सुरु भयो जसलाई बृहत् आर्थिक मन्दीको रूपमा पनि लिइन्छ ।

यसबाट विश्वव्यापी रूपमा उद्योग व्यवसाय धराशायी भए, बेरोजगारी बढ्यो, तर लतामा संकट थपियो भने स्टक बजार पनि ओरालो लाग्यो । अहिले पनि राष्ट्रपति ट्रम्पले अपनाउने संरक्षणवादतर्फको यात्राले कतै विश्व बजारमा संकट आउने त होइन भनी शंका गरिंदैछ । एकातिर विश्व व्यापार प्रणालीलाई व्यवस्थित गर्न स्थापना गरिएको संस्थालाई निष्क्रिय तुल्याउने र अर्कोतिर भन्सार तथा गैरभन्सार अवरोधको अग्लो पर्खाल खडा गरेर आयात निर्यातको शृंखलालाई अवरुद्ध गर्ने कार्य भएमा कम विकसित तथा स्रोतसाधनको न्यूनता भएका मुलुकलाई त्यसको प्रतिकूल असर बढी मात्रामा पर्ने स्पष्ट छ ।

भन्सार महसुल बढाएर गरिने स्वदेशी वस्तु तथा सेवाको संरक्षण झट्ट हेर्दा ठिकै जस्तो लाग्ने भएतापनि यसले प्रतिस्पर्धी मूल्यमा वस्तु वा सेवाको उपभोग गर्न पाउने उपभोक्ताको अधिकारलाई कुण्ठित गर्दछ । यसले व्यापारमा तुलनात्मक र प्रतिस्पर्धात्मक लाभको विश्वव्यापी मान्यतालाई नकार्दछ । स्वदेशी वस्तु महँगो भएतापनि खरिद गर्नुपर्ने बाध्यता खडा हुन्छ । जहाँ आपूर्तिकर्ता धेरै हुन्छन् त्यहाँ बढी प्रतिस्पर्धा हुने भएकोले केही हदसम्म निर्यातकर्ताले भन्सार महसुलको सामान्य अंश थेग्ने गरी मूल्य कम गर्ने सम्भावना रहन्छ । तथापि ठूलो पैमानामा हुने भन्सार महसुल वृद्धिलाई अन्तिम उपभोक्ताले नै तिर्नुपर्ने हुन्छ । यसको प्रत्यक्ष असर वस्तु तथा सेवाको मूल्यमा भारी मात्रामा वृद्धि भई कम आय भएका वर्गको जीवन थप कष्टकर हुन जान्छ ।

भन्सार महसुलसँग जोडिएर आउने अर्को विषय प्रत्याक्रमण (रिटालिएशन) पनि हो । अमेरिका जस्तो विश्व व्यापारको एक प्रमुख खेलाडीले भन्सार महसुल वृद्धि गर्दा निश्चय पनि अरू व्यापार साझेदारहरू चुप लागेर बस्दैनन् भन्ने कुरा त सन् २०१८ मा अमेरिका र चीनबीच भएको एकप्रकारको व्यापार युद्धले देखाइ पनि सकेको छ । यसरी एकअर्काप्रति निषेध र प्रत्याक्रमण बढ्दै जाँदा विश्वको कुल उत्पादनको साथै व्यापार संकुचन हुँदै जाने, आर्थिक वृद्धि रोकिने तथा रोजगारी गुम्दै जाने स्थिति बन्दछ ।

कुनै खास मुलुकलाई लक्षित गरी दण्डात्मक महसुल लगाउने कार्यबाट आपूर्ति चक्र खलबलिने स्पष्ट छ । यसबाट सञ्चालनमा रहेका उद्योगहरूले प्राप्त गर्ने कच्चा पदार्थ वा माध्यमिक वस्तु आपूर्ति हुन नसकी उत्पादन घट्ने र लागत बढ्ने पनि निश्चित छ । चीनबाट आयातित वस्तुमा अतिरिक्त महसुल लगाउने राष्ट्रपति ट्रम्पको घोषित नीतिबाट त्रसित भएका कतिपय बहुराष्ट्रिय कम्पनीहरू चीन छाडेर दक्षिण पूर्वी एशिया र पूर्वी एशियाका मुलुकहरू- भियतनाम, कम्बोडिया, मलेशिया र थाइल्याण्डमा उद्योग र कल कारखाना सार्न लागेको विषय विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा आउन थालिसकेको छ । उद्योगमा प्रयोग हुने कच्चा पदार्थ र माध्यमिक वस्तुको भन्सार महसुलमा वृद्धि हुँदा आयात गर्ने मुलुकका उद्योग नै संकटमा पर्ने र आयातको वैकल्पिक स्रोत खोज्नु पर्दा आपूर्ति चक्र नै खल्बलिन जान्छ ।

भन्सार महसुल वृद्धिको अर्को दुष्परिमाण लगानीमा हुने विकर्षण पनि हो । अमेरिकी बजारलाई लक्षित गरी नाम चलेका ब्राण्डका गाडी उत्पादन गर्ने कम्पनीहरूले मेक्सिकोमा गाडी कारखाना खोल्ने क्रम बढ्दै गएको थियो । अब त्यस्ता लगानीकर्ताको निकासी व्यापार के हुने हो भन्ने अनिश्चयताको अवस्था सिर्जना हुँदैछ । यस अवस्थामा थप लगानी भित्र्याउने त परको विषय भयो, भइरहेको लगानीको संरक्षण कसरी गर्ने भन्ने अहम् प्रश्न खडा हुँदैछ ।

### कम विकसित मुलुकको सकस

विश्व व्यापार संगठनको परिधिभित्र सञ्चालित व्यापार प्रणालीबाट केही विकासोन्मुख मुलुकले दुई दशकको समयावधि भित्र गरिबी घटाउन, रोजगारी बढाउन र आर्थिक सम्पन्नताको सिंढी उक्लन सफलता प्राप्त गरे भने कम विकसित मुलुकहरूले पनि विश्व व्यापार प्रणालीको नियम बनाउने वार्तामा आफ्नो उपस्थिति सहित सहभागिता जनाउने अवसर पाएका छन् । विश्व व्यापार संगठनमा भएका धेरै सम्झौतामा विकासोन्मुख मुलुक र त्यसमा पनि खासगरी कम विकसित मुलुकहरूको लागि विशेष रूपमा फरक र सकारात्मक विभेदका प्रावधान राखिएका छन् । यसैको जगमा कतिपय कम विकसित मुलुकहरूले विश्व व्यापारमा आफ्नो उपस्थिति देखाउन सकेका छन् ।

खुला तथा उदार व्यापार प्रणालीबाट पुन: संरक्षणवादतर्फ अगाडि बढ्दा विश्व व्यापार र लगानीको अवस्था पश्चगमनतर्फ मोडिने र संकुचन हुँदै जाने खतरा त छँदैछ । त्यसमा पनि आफ्नै स्रोत, साधन र उत्पादन क्षमता कम भएका नेपाल जस्ता कम विकसित मुलुकहरूलाई त्यसको भार बढी पर्न जाने हुन्छ । नेपालको निर्यात व्यापारको हिसाबले भारत पछि संयुक्त राज्य अमेरिका नै दोस्रो ठूलो गन्तव्य बजार हो । सबै मुलुकहरूबाट अमेरिका आयात हुने वस्तुमा कम्तीमा २० प्रतिशत भन्सार महसुल लगाउने राष्ट्रपति ट्रम्पको निर्वाचन बेलाको घोषणा कार्यान्वयन हुँदा नेपालको निर्यात व्यापारमा के कति क्षति हुन्छ र त्यसको क्षतिपूर्ति कसरी गर्न सकिन्छ भन्ने विषयमा सरकारले बेलैमा अध्ययन गरी उपयुक्त रणनीति तर्जुमा गर्न ढिलाइ गर्न हुँदैन ।

*(साभार: अनलाइनखबर)*

# बढ्दो छ वैदेशिक ऋण

✍ डिल्लीराम मिश्र "कलमजीवी"

विश्वका शासन प्रणालीअन्तर्गत फरक-फरक संरचनामा आबद्ध रहेका देशहरुले समाजवादी अर्थ-व्यवस्थामा तद्सम्बन्धी वित्तीय संस्थाहरुलाई यसको आधारभूत खम्बाको रुपमा लिएका छन् । अझ भनौं मुलुकको अर्थतन्त्रलाई दिगोरुपमा आडभरोसा दिन सक्ने यी औजारहरु हुन्, तर विगतमा निर्माण भएका देशका यस्ता वित्तीय भौतिक औजारहरु निजीकरण र उदारीकरणको नाउँमा कौडीको मूल्यमा समाप्त पारियो, जसको कारण आज आम नेपाली युवाहरु रोजगारीको खोजीमा बाध्य भएर विदेश पलायन भएका छन् र भइरहेकै छन् । मुलुकको लागि यो शुभ सङ्केत किमार्थ हुँदै होइन ।

मुलुकको अर्थतन्त्रमा सुधारसहितको एजेन्डा लिएर गत असारमा कांङ्रेस र एमालका बीच गठबन्धन सरकार गठन भए पनि चालू आवको साउन-भदौ महिनामा देशको राजस्व सङ्कलन ऋणात्मक रहेको छ । नयाँ सरकार गठनसँगै देशमा राजनीतिक स्थिरता कायम हुने र देशको वित्तीय क्षेत्रमा समेत सुधार हुने अपेक्षा सरकार पक्षको दाबी रहे पनि व्यवहार भने निराशाजनक छ । चालू आर्थिक वर्ष २०८१-०८२ को पहिलो तीन महिना असोजसम्म एक खर्ब ३६ अर्ब ३२ करोड रुपियाँ सार्वजनिक ऋण थपिएको छ । सार्वजनिक ऋण व्यवस्थापनको मासिक प्रतिवेदनअनुसार २०८१ असोजसम्म मुलुकको सार्वजनिक ऋण २५ खर्ब २८ अर्ब ६२ करोड रुपियाँ पुगेको छ ।

सन् १९९० को दशकको प्रारम्भमा प्रजातन्त्रको पुनर्स्थापनापछि विकासको नाममा नेपाललाई ऋणको भारी बोकाउने परिपाटी शुरु भएको हो । आज नालायकी शासकहरुको राज्यसत्ता सञ्चालनमा भएको चरम असफलताको कारण नेपाललाई वैदेशिक ऋणको चङ्गुलबाट उठ्नै नसक्ने गरी दलदलमा धसाएका छन् । यही अनुपातको गतिमा ऋण थपिँदै जाने हो भने चालू आवको असारसम्म देशको कुल वैदेशिक ऋण ३० खर्बभन्दा बढी हुने निश्चित देखिन्छ । यसरी तिर्न बाँकी सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन अर्थात् जीडीपीको ४४.३२ प्रतिशत रहेको छ । यो अवस्था विगत आव २०३१-०३२ मा यसको प्रभाव ५.७ प्रतिशत रहेको थियो । सार्वजनिक ऋणतर्फ आन्तरिक जीडीपीको २१.६६ र बाह्य २२.६६ प्रतिशत रहेको छ । यस अवधिमा आन्तरिक ऋण १२ खर्ब ३६ अर्ब र बाह्य ऋण १२ खर्ब ९२ अर्ब रुपियाँ रहेको छ ।

यस्तो सार्वजनिक ऋण अहिले प्रत्येक नेपाली नागरिकको थाप्लोमा झन्डै ८७ हजार रुपियाँ पर्न आउँछ । यसरी ऋणमार्फत जुटाएको रकम उत्पादनमूलक राम्रो प्रतिफल दिने क्षेत्रमा लगानी नगरिएमा देशमा वित्तीय समस्या सिर्जना हुने मात्र हैन, बिजुली चम्केसरिको गतिमा आएको सार्वजनिक ऋणले कहाँ पुगेर विश्राम लिने हो, जसको भविष्य अन्धकारमा छ । देशमा सार्वजनिक ऋणको प्रयोग र उपयोग सामान्यरुपमा पनि विवेकसम्मत तरिकाबाट बिल्कुलै हुन सकेको देखिँदैन । यो वित्तीय अनुशासनभन्दा बाहिर गएको छ । गतआव २०८०-०८१ मा देशको जीडीपी ५७ खर्ब ५ अर्ब रुपियाँ पुगेको प्रक्षेपण गरिएको छ । निरन्तर बढ्दो वैदेशिक ऋणले देशको अर्थतन्त्रमा जोखिम सिर्जना गर्न सक्ने नकारात्मक सङ्केत देखिएको आधारसँग वहुमत अर्थविद्हरु सहमत देखिन्छन् ।

नेपालको आधुनिक विकास प्रक्रियामा वैदेशिक सहायताको गहन भूमिका रहँदै आएको छ । विशेष गरी २००७ सालको परिवर्तनपश्चात् २००८ मा तत्कालीन अर्थमन्त्री सुर्वणशमशेर जबराले नेपालको पहिलो अनुमानित बजेट ५ करोड २५ लाख ३९ हजार रुपियाँ बराबरको बजेट रेडियो नेपालमार्फत पढेर सार्वजनिक गरेका थिए । त्यसै गरी २००९ सालमा नेपाल-भारत सहयोगअन्तर्गत काठमाडौंस्थित गौचरन विमानस्थल सुधारका लागि आर्थिक सहयोग प्राप्त भएको थियो । नेपालको पहिलो पञ्चवर्षीय योजना २०१३-२०१८ सम्म यसको सम्पूर्ण विकास निर्माण वैदेशिक सहयोगबाटै गरिएका थिए । सर्वप्रथम नेपालले राष्ट्र ऋण उठाउने ऐन २०१७ जारी गरेपछि पहिलोपल्ट २०१८ सालमा सरकारले आन्तरिक ऋण उठाएको देखिन्छ । नेपालले २००८ सालमा प्रस्तुत गरेको पहिलो बजेटदेखि नै वैदेशिक सहयोग लिन थाले पनि बाह्य ऋण भने आर्थिक वर्ष २०२०-०२१ देखि लिन थालेको देखिन्छ ।

आव २०७१-०७२ सम्म नेपालको सार्वजनिक ऋण ६ खर्ब रुपियाँभन्दा तलै रहेको थियो, तर अहिले रु. २६ खर्ब पुगेको छ । संवत् २०३६ सालसम्म नेपालको विकास बजेटमा वैदेशिक ऋणभन्दा वैदेशिक अनुदान बढी थियो, तर त्यसपछि अनुदान घट्ने र ऋण पढ्ने क्रम जारी रह्यो । अहिलेको नेपाल सरकारले अन्तर्राष्ट्रिय जगत्मा गुमाएको विश्वासको कारण वैदेशिक अनुदान घटेर शून्यताको स्थितिमा पुगेको एवम् वैदेशिक ऋण बिजुली चम्केसरिको गतिमा चुलिएको छ । नेपालजस्ता मुलुकको लागि वैदेशिक अनुदान आउनु अत्यन्त सकारात्मक पक्ष हो । देशको कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सार्वजनिक ऋण लिने विश्वका १९० वटा राष्ट्रमध्ये नेपालको स्थान १४९ औंमा रहेको छ । आव २०३१-०३२ सम्म नेपालको सार्वजनिक ऋण ९४ करोड रुपियाँ रहेको देखिन्छ भने त्यसयताका एकदशमा सार्वजनिक ऋण औसत प्रतिवर्ष ३२.४ प्रतिशतले बढेको छ । आव २०४६/०४७ सम्म नेपालको सार्वजनिक ऋण ३० अर्ब ७० करोड रहेको थियो, तर चालू आवको भदौसम्म २५५० अर्ब रुपियाँ पुगेको छ । त्यसैले सीमा नाघेर सार्वजनिक ऋणको दुरुपयोग गर्नु अपराध मानिन्छ, तर नेपालमा सधैँ चरम दुरुपयोग भइरहेको छ । देशको विदेशी मुद्रा आम्दानीको स्रोत, ऋणको उत्पादनशील प्रयोग र यसको व्यवस्थापनको क्षमता आदि कारणले सार्वजनिक ऋणको सीमा निर्धारण गर्दछ ।

मुलुकभित्रको अर्को कहालीलाग्दो स्थिति के भने, युवा रहेन मुलुक रहने हो, यदि युवा जनशक्ति नै पलायन भइरहँदा देश कसरी सक्षमरुपमा बच्न सक्छ ? प्रश्न यहाँ छ । त्यसैले युवावर्गलाई स्वदेशमै रोजगारको अवसर सिर्जना गर्न सक्नु उत्तम सरकारको दायित्वभित्र पर्दछ । स्वदेशको मायाममता कहिल्यै पनि बिरानो र रुखो हुँदैन भन्ने वस्तुतथ्यलाई मनन गरी युवा स्वयंले पनि प्रभावकारी भूमिका खेल्न सक्नुपर्दछ । अहिलेकै युवा पलायनको गतिलाई हेर्ने हो भने अबका दिनमा गाउँ मात्र हैन, केही वर्षमा शहरका घरहरुसमेत खाली हुने अवस्थामा पुग्नेछन् । देशको यस्तो विकराल अवस्थालाई समयमै ध्यान दिन सकिएन भने देशले पछुताउनुबाहेक अरु केही हुनेछैन । राष्ट्रले विश्वसामु आफ्नो विश्वास र इमानदारिता गुमाएपछि पुन: विश्वास आर्जन गर्न निकै कठिन हुन्छ, नेपालको आजको अवस्था ठीक यस्तै छ । विगतको शासनकालमा अन्तर्राष्ट्रिय सम्बन्ध र विश्वास कस्तो थियो ? त्यति बेलाका सम्मेलन र परिदृश्यहरुलाई हेर्न पुगियो भने नेपालीको शिर गर्वले ठाडो हुन्छ, तर आज रुझेका बिरालाजस्ता प्रधानमन्त्री र अर्थमन्त्रीलाई कसले विश्वास गर्ने ? समय-समयमा हाम्रा मित्रराष्ट्रहरुले निर्माण गरिदिएका उद्योगधन्दा, कलकारखानाहरु सबै कौडीको मूल्यमा बेचेर खाने अनि तिनै राष्ट्रहरुसमक्ष भिख माग्दै लगानी सम्मेलन गर्ने सरकारमाथि नैतिक प्रश्न उठेको छ । मुलुक उत्पादन, आत्मनिर्भर र प्रगतिको उद्योगशाला बन्न सक्नुपर्थ्यो, तर भ्रष्टाचार र भ्रष्ट शासकहरुको प्रयोगशाला बनेको छ । देशको वित्तीय अर्थतन्त्र यही प्रयोगशालाको भुङ्गोमा कैद भएको छ । त्यसैले सबैतिरबाट प्रताडित नेपाली जनतामा यो सरकारप्रति एकरति पनि विश्वास पलाएको देखिँदैन ।

आज देशमा उत्पन्न अर्थतन्त्रका अनेक चुनौतीहरुमध्ये सबै खाले विकास आयोजना कार्यान्वयनमा गरिने विकास बजेट समयमा खर्च गर्न नसक्नु एक गम्भीर अवस्था हो । कुनै पनि इमानदार नेतृत्वको सोच लगभग सधैँ न्यायपूर्ण हुन्छ भनेजस्तै विकास बजेट खर्च र सदुपयोग हुन नसक्नुका पछाडि त्यसको नैतिक जिम्मेवार कसले लिने ? त्यसैले एक पाश्चात्य अर्थशात्रीको तर्क छ- बजेटमा सधैँ देश तथा जनताको प्राथमिकता, आवश्यकता र मूल्य-मान्यता झल्किनु अपरिहार्य छ । देशमा पूँजी निर्माण एवम् रोजगारका प्रचूर अवसरहरु सिर्जना गर्ने पूँजीगत खर्चको अवस्था अत्यन्त नाजुक छ । एकातिर देशमा कलकारखाना बन्द छन् भने अर्कोतर्फ साना उद्यमी व्यवसायीहरुको उठिबास भएको छ, जसको असर राजस्व सङ्कलनमा सीधै परेको छ ।

*क्रमश: पृष्ठ-३....*

# उपचुनाव लड्ने हिम्मत जुटाउन नसकेको एकीकृत समाजवादी



काठमाडौं/आगामी १६ मंसिरमा हुने उपचुनावका लागि दलहरुले धमाधम उम्मेदवार टुंग्याइरहेका छन् । सरकारको नेतृत्व गरिरहेको नेकपा एमालेले केही स्थानबाहेकका उम्मेदवार गएको २४ कात्तिकमै टुंग्याएको हो । सत्तारुढ नेपाली कांग्रेसमा पनि उम्मेदवार टुंग्याउने चटारो छ । प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले केही स्थानबाहेक उम्मेदवार टुंग्याइसकेको छ भने राप्रपाले १७ स्थानको उम्मेदवार सार्वजनिक गरिसकेको छ ।

तर विपक्षी कित्तामै उभिएको एकीकृत समाजवादी उपचुनावको तयारीमा तुलनात्मक रुपमा पछि देखिन्छ । 'अरु पार्टीहरुमा बनिबनाउ संगठन र नेता छन् । हाम्रोमा अलिक समस्या भएर हो', उपाध्यक्ष जगनाथ खतिवडा भन्छन् । प्रवक्तासमेत रहेका खतिवडा उपचुनावबारे पार्टीको नीति भने प्रष्ट रहेको बताउँछन् । 'हामी देशभर एकल प्रतिस्पर्धा गर्ने नीतिमा छौं, तर कतिपय ठाउँहरुमा तालमेल र सहकार्य हुन्छ । अरु दलहरुले पनि गर्ने त्यही हो', उनी भन्छन् ।

यसपटक पार्टीले देखिने गरी उपलब्धिसमेत प्राप्त गर्ने खतिवडा दाबी गर्छन् । 'हामीले यसपटक जति जित्छौं । त्यो उपलब्धि मात्र हुन्छ, गुमाउनु केही छैन', उनी भन्छन् । तर निर्णय प्रक्रिया र समयअवधि हेर्दा एकीकृत समाजवादीले उपचुनावलाई आवश्यक ध्यान दिएको देखिदैन । जस्तो कि एमालेले उम्मेदवारहरुको अन्तिम नामावली सार्वजनिक गरिरहँदा (२४ कात्तिकमा) बल्ल एकीकृत समाजवादीले उम्मेदवार सिफारिस गर्न प्रदेश कमिटीलाई निर्देशन दिएको थियो ।

प्रवक्ता खतिवडा भने उम्मेदवार टुंग्याउन अब धेरै समय नलिने बताउँछन् । 'जति ढिलो भयो, त्यो भइसक्यो । अब हुन्न', उनी भन्छन्, 'नेता र संगठन भएको ठाउँबाट लगभग नाम तय भइसकेको छ । कतिपय ठाउँमा त उम्मेदवारी नहुन पनि सक्छ ।' उपचुनावबारे यो पार्टीमा जाँगर नदेखिनु अथवा ढिलाइ गरिरहनुमा भने पहिलेजस्तो राजनीतिक समीकरण नरहनु र विगतको चुनावी नतिजा आशातीत नहुनु रहेको सहज आँकलन गर्न सकिन्छ ।

२०७९ को चुनावमा एकीकृत समाजवादीले कांग्रेस, माओवादीसहित ५ दलीय गठबन्धनबाट लडेको थियो । तर दाबी गरेजस्तो नतिजा आएन । अहिले उपचुनाव हुन लागेको ४२ मध्ये २५ स्थानमा त ०७९ को स्थानीय चुनावमा एकीकृत समाजवादीको उम्मेदवार समेत थिएन । बाँकी क्षेत्रमा उम्मेदवारी दिइएको भएपनि जितको सम्भावना भन्दा धेरै थोरै मत पाएका थिए ।

**जहाँ उम्मेदवार नै थिएन**

उपचुनाव हुन लागेका क्षेत्रहरुमा कांग्रेस र एमाले मूख्य प्रतिस्पर्धी हुँदा माओवादी तेस्रो शक्ति हो । तर पूर्वप्रधानमन्त्रीद्वय माधव नेपाल र झलनाथ खनाल रहेको एकीकृत समाजवादी काठमाडौं महानगर-१६, रौतहटको गढीमाई नगरपालिका-८ र रौतहटकै राजपुर नगरपालिका-६ बाहेक कतै पनि प्रतिस्पर्धीसमेत छैन ।

यी दुई वडामा एकीकृत समाजवादी प्रतिस्पर्धी हुन सक्छ । किनकि २०७९ को स्थानीय चुनावमा यी वडामा राम्रै मतसहित एकीकृत समाजवादीका उम्मेदवार तेस्रो भएका थिए । चुनावी नतिजा नै यस्तो छ कि तेस्रो शक्ति बन्नु नै एकीकृत समाजवादीका निम्ति उपलब्धि देखिन्छ । अधिकांश चुनावी क्षेत्र त एकीकृत समाजवादीका समर्थकको दायित्व भनेकै अरु दलका उम्मेदवार लाई भोट हाल्नु हो ।

एकीकृत समाजवादीले २०७९ को चुनावमा अरु दललाई समर्थन जनाएको अथवा उम्मेदवार नै नभेटाएको २५ स्थानमा अहिले उपचुनाव हुँदैछ । यीमध्ये अधिकांश स्थानमा कांग्रेस वा एमालेले जितेका छन् । उपचुनाव हुने झापाको कन्काई नगरपालिका-६ मा एमालेले जितेको छ । तेह्रथमको लालीगुराँस गाउँपालिका-८, उदयपुरको त्रियुगा नगरपालिका १२, बेलका नगरपालिका ९ र ताप्लेजुङको सिरिजंगा गाउँपालिका ३ मा कांग्रेसले जितेको थियो ।

तर यी कुनैपनि वडामा एकीकृत समाजवादीले उम्मेदवारी दिएको थिएन । एकीकृत समाजवादीको उम्मेदवार नरहेको मधेशका तीन वडामा उपचुनाव हुँदैछ । सप्तरीको डाक्नेश्वरी नगरपालिका १ र सप्तरीकै डाक्नेश्वरी नगरपालिका- ४ मा कांग्रेसले जितेको थियो । महोत्तरी रामगोपाल नगरपालिका-२ मा भने माओवादीले जितेको छ ।

गाउँपालिका उपाध्यक्ष पदकै उपचुनाव हुन लागेको दोलखाको गौरीशंकर गाउँपालिकामा पनि एकीकृत समाजवादीसँग उम्मेदवार नभएकाले कांग्रेसलाई सहयोग गरेको थियो । काठमाडौंको कीर्तिपुर ४ र हेटौंडा उपमहानगर पालिका १२ मा पनि एकीकृत समाजवादीसँग उम्मेदवार थिएन । कीर्तिपुरमा स्वतन्त्र उम्मेदवारले जितेको थियो भने हेटौंडा-१२ मा माओवादीले जितेको थियो ।

गत चुनावमा गुल्मीको मुसिकोट नगरपालिका-१ र रोल्पाको रुन्टीगढी गाउँपालिका-४ मा कांग्रेस उम्मेदवारले जित्यो । रुकुमपूर्वको पुथा उत्तरगंगा गाउँपालिका उपाध्यक्षमा एकीकृत समाजवादीले माओवादीकी भूपेन्द्रा बुढालाई मत दिएको थियो । यही पालिकाको २ नम्बर वडामा समेत उपचुनाव हुँदैछ । यो वडामा माओवादीले नै जितेको थियो । कालीकोटको तिलागुफा गाउँपालिका-४ मा माओवादी उम्मेदवारले जितेको थियो ।

उपचुनाव हुने जाजरकोटको नलगाड नगरपालिकाको उपमेयरमा कांग्रेसकी सरिता सिंहले जितेकी थिइन् । एमालेकी सुनिता बोहरालाई हराउन एकीकृत समाजवादीले कांग्रेसलाई मत दिएको थियो । जाजरकोटको कुशे गाउँपालिका-७ मा माओवादी र डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५ मा एमालेले जितेको थियो, यहाँ एकीकृत समाजवादीसँग उम्मेदवार थिएन ।

हुम्लाको सार्केगाड गाउँपालिका उपाध्यक्ष पदमा एमाले भर्सेस तत्कालीन गठबन्धनबीच प्रतिस्पर्धा भएको थियो । एमालेकी जुनकुमारी फडेरा हराउन एकीकृत समाजवादीको साथ माओवादीकी चन्द्र सिंह कार्कीलाई थियो । डोटीको पूर्वीचौकी गाउँपालिका-६ मा कांग्रेसले जितेको छ । प्रतिस्पर्धी शक्ति एमाले नै हो । दार्चुला दुहुँ गाउँपालिका-५ मा माओवादीले जितेको छ । यहाँ पनि एकीकृत समाजवादीले उम्मेदवारी दिएको थिएन । उपाध्यक्ष पदमा उपचुनाव हुने बाजुराको स्वामीकार्त्तिक गाउँपालिकामा पनि एकीकृत समाजवादीले ०७९ मा उम्मेदवारी दिएको थिएन । यहाँ माओवादीका उम्मेदवारलाई एकीकृत समाजवादीले मत दिएको थियो ।

**उम्मेदवारीमै सीमित**

एकीकृत समाजवादीले कुनैपनि चुनावमा एक्लै भिड्ने हिम्मत गरेको छैन । ०७९ मा सम्पन्न तीन तहकै चुनाव र त्यसपछि भएका उपचुनावहरुमा उसले कांग्रेस र माओवादीसहितको गठबन्धनलाई साथ दिएको छ ।

यद्यपि नतिजा राम्रो ल्याउन सकेको छैन । ०७९ को चुनावमा राम्रै मत ल्याएको र अहिले उपचुनाव हुन लागेको क्षेत्रमध्ये काठमाडौं महानगरपालिका-१६ को वडाध्यक्ष एउटा हो । यो वडामा एकीकृत समाजवादीका उम्मेदवार लक्ष्मण गमालले १५८९ मत पाएका थिए । तर जित्ने उम्मेदवार कांग्रेसका मुकुन्द रिजालको मत ४,०१९ र निकटतम प्रतिस्पर्धी एमालेका लक्ष्मी रत्न तुलाधरको मत ३,३१० थियो ।

यो बाहेक एकीकृत समाजवादीका उम्मेदवारले प्रतिस्पर्धी मत पाएको क्षेत्र हो, रौतहटको गढीमाई नगरपालिका-८ । यो वडामा जसपाका रामाज्ञा राय यादवले ७६४ मत पाएर जित्दा कांग्रेसका वैद्यनाथ ठाकुरले ५६१ र एकीकृत समाजवादीका बजरंगीप्रसाद यादवले ५१९ मत पाएका थिए ।

रौतहटकै राजपुर नगर पालिका-६ मा पनि एकीकृत समाजवादीको अवस्था तुलनात्मक राम्रो छ । यहाँ कांग्रेसका शेख मोजरे आलमले ५३४ मत ल्याएर वडाध्यक्ष जित्दा एकीकृत समाजवादीका जिकरुलाह ३२० मत पाएर तेस्रो भएका थिए । उपचुनाव हुने अरु क्षेत्रमा एकीकृत समाजवादीका उम्मेदवारले पाएको मत असाध्यै थोरै छ । अहिले दलहरुले प्रतिष्ठाकै क्षेत्र मानेको कीर्तिपुरमा एकीकृत समाजवादीका उम्मेदवारले जमानत समेत जोगाउन सकेको थिएन ।

कांग्रेसका राजकुमार नकर्मीले ९,०४३ मत ल्याएर कीर्तिपुरको मेयर जित्दा एकीकृत समाजवादीका बटुकृष्ण थापाले जम्मा १,१५३ मत पाएका थिए । यहाँ एमालेका केशरत्न बज्राचार्यले ५,५०७ र माओवादीका शिवशरण महर्जनले ४,०९० मत पाएका थिए । माओवादी अध्यक्ष प्रचण्डले यो उपचुनावमा कीर्तिपुरको मेयरका लागि एकीकृत समाजवादीसँग प्रस्ताव गरेका छन् । पालिका अध्यक्षकै उपचुनाव हुने मोरङको ग्रामथान गाउँपालिकामा पनि एकीकृत समाजवादीको अवस्था राम्रो छैन ।

२०७९ को चुनावमा कांग्रेस उम्मेदवार जयप्रकाश गच्छदारले ७,६०५ मत ल्याएर अध्यक्ष जित्दा एकीकृत समाजवादीका राकेश चौधरी १३९ मतमा सीमित थिए । पालिका पदाधिकारीमै उपचुनाव हुँदै गरेको दैलेखको महाबु गाउँपालिकामा गत चुनावमा माओवादी र एकीकृत समाजवादीले गठबन्धन गरेका थिए । अध्यक्ष माओवादी र उपाध्यक्ष एकीकृत समाजवादीले लिएको थियो । तर यो गठबन्धन तेस्रो हुँदा एकीकृत समाजवादीका जंगबहादुर शाहीले उपाध्यक्षमा २,२६८ मत पाएका थिए ।

उपचुनाव हुन लागेका अरु वडाहरुमा पनि एकीकृत समाजवादीको मत असाध्यै कमजोर छ । कीर्तिपुर १ मा एकीकृत समाजवादीका उम्मेदवार रोहित मजर्हनले जम्मा ६३ मत पाएका थिए । जबकी कांग्रेसका हिरालाल महर्जनले ७७८ मत पाएर वडाध्यक्ष जितेका थिए । सुनसरीको गढी गाउँपालिका-६ मा एकीकृत समाजवादीले पाएको मत हो, १२३ । जबकी चुनाव जितेका एमालेका सदानन्द उरावँ झागरले ७१२ मत ल्याएका थिए ।

ओखलढुंगा मोलुङ गाउँपालिका-५ मा एकीकृत समाजवादीका किशान खत्रीले ३५ मत ल्याउँदा कांग्रेसका गोपीकृष्ण कार्कीले ३८४ मतसहित वडाध्यक्ष जितेका थिए । धनुषाको धनुषा नगर पालिका-१ मा एकीकृत समाजवादी सातौं शक्ति बन्यो । ६१८ मत पाएर कांग्रेसका विश्वनाथ यादवले जित्दा एकीकृत समाजवादीका महेन्द्र यादवले जम्मा ३१ मत पाए ।

२०७९ को स्थानीय चुनावमा पाँच दलीय गठबन्धनमै रहँदा पनि कांग्रेस अथवा माओवादीसँग एकीकृत समाजवादीले असाध्यै धेरै ठाउँमा प्रतिस्पर्धा गरेको थियो । त्यसको कारण भने एकीकृत समाजवादीका स्थानीय नेताहरुको हिम्मत थियो । पार्टी केन्द्रले गठबन्धनको निर्णय गरेपनि उनीहरुले कांग्रेस र माओवादीबाट सम्मानित प्रस्ताव नआएको निष्कर्ष सहित अलग्गै लड्ने तागत देखाएका थिए ।

तर मत भने फेरि पनि असाध्यै कमजोर थियो । जस्तो कि अहिले उपचुनाव हुने गोरखाको गोरखा नगरपालिका-५ लाई उदाहरणका रुपमा हेर्न सकिन्छ । यो वडामा एमालेका खिलबहादुर रानाले ४५३ मत ल्याएर वडाध्यक्ष जित्दा कांग्रेसकी गीता थापामगरले ४२८ मत पाइन् । यही वडामा एकीकृत समाजवादीका रोशन बानियाँको मत जम्मा २ थियो ।

यस्तै हालत, बर्दियाको ठाकुरबाबा नगरपालिका-४ मा पनि हेर्न सकिन्छ । यो वडामा कांग्रेसका सूर्यबहादुर विष्टले १२०९ मत पाएर वडाध्यक्ष जित्दा एकीकृत समाजवादीका दशैया थारुले १६ मत पाएका थिए । यो एकप्रकारले प्रतिस्पर्धीहीन उम्मेदवारी थियो । यस्तै अवस्था अरुतिर पनि भेट्न सकिन्छ । उपचुनाव हुने नुवाकोटको ककनी गाउँपालिका-२ मा एकीकृत समाजवादीले ८२ मत पाएको मत थियो । जबकी कांग्रेस उम्मेदवार तिलकबहादुर लामाले ८८८ मत ल्याएर वडाध्यक्ष जितेका थिए ।

उपचुनाव हुन लागेको कपिलवस्तुको शुद्धोधन गाउँपालिका १, दैलेख दुल्लु नगरपालिका १३ र कञ्चनपुरको भीमदत्त नगरपालिका ६ मा पनि एसका उम्मेदवारले नगण्य मत पाएका थिए । कपिलवस्तुको शुद्धोधन गाउँपालिका-१ मा कांग्रेसका तिलकराम यादवले १०३२ मत ल्याएर जित्दा एसका नत्रलाल खातुनले ३४ मत पाएका थिए ।

दैलेख दुल्लु नगर पालिका-१३ मा एमालेका बिर्खबहादुर शाहीले ८२२ मत सहित जित्दा एसका भीमप्रसाद शर्माले ३६ मत पाएका थिए । यी दुई भन्दा थोरै बढी, तर जित भन्दा धेरै टाढाको मत कञ्चनपुरको भीमदत्त नगरपालिका ६ मा एकीकृत समाजवादीले पाएको थियो । यो वडामा कांग्रेसका महेन्द्र खड्काले १,१०२ मत सहित वडाध्यक्ष जित्दा एसका जितेन्द्रबहादुर चन्दले २३२ मत पाएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# 'ह्रस्व दीर्घ'मा आमा बनेकी विपना भन्छिन्, 'सुरुमा त सिरिङ्ग भएँ'



काठमाडौं/कुनै बेला थियो, नेपाली फिल्ममा विपना थापा निर्विकल्प अभिनेत्रीझैं थिइन् । विशेषगरी गाउँले र दु:खी चरित्रमा उनी पहिलो रोजाई बनेकी थिइन् । अभिनय पनि सशक्त भएकाले उनी करिब डेढ दशक करिअरको उचाइँमा रहिन् । तर, भारतीय नागरिकसँग विवाहपछि उनको अभिनयमा सक्रियता कम हुँदै गयो । सन्तान भएपछि त करिब १३ वर्ष अभिनयबाट पूर्ण रुपमा टाढा नै रहिन् ।

नेपाल आउजाउ बाक्लै भइरहे पनि फिल्ममा उनको पुनरागमन हुन सकेको थिएन । अब १३ वर्षपछि उनी फिल्म 'ह्रस्व दीर्घ'बाट दर्शकमाझ पुग्दैछिन् । कुनै बेला हिरोइन भएर कयौं फिल्ममा काम गरेकी उनी यसमा भने आमाको भूमिकामा प्रस्तुत छिन् । फिल्ममा आमाको भूमिका गर्नुपर्ने प्रस्ताव आउँदा सुरुमा विपनालाई 'गुसबम्प्स' भएको रहेछ ।

यसै साता काठमाडौंमा आयोजित पत्रकार भेटघाटमा उनले भनिन्, 'आमाको क्यारेक्टर प्रस्ताव आउँदा मलाई 'गुसबम्प्स' भएको थियो । एकछिन त सिरिङ्ग भएँ । म त आमाको रोल गर्ने भएछु भन्ने महसुस भयो । यद्यपि, मलाई हरेक किसिमको रोल गर्ने मन छ । 'तँ त साह्रै बिग्रिरुस् नि बद्री'मा मैले नेगेटिभ क्यारेक्टर समेत गरेको थिएँ । 'ह्रस्व दीर्घ' भने मेरो पहिलो क्यारेक्टर रोल हो । आफ्नो तर्फबाट कोसिस गरेको छु । फिल्म पनि एकदमै राम्रो बनेको छ ।'

उनी आफूलाई नायिका भन्दा पनि कलाकार भन्न रुचाउँछिन् । र, उनी के कुरामा प्रष्ट छिन् भने कलाकार भएपछि जस्तोसुकै चरित्र पनि गर्नुपर्छ । त्यसका लागि उनी आफैं पनि तयार छिन् । समाजमा सकारात्मक सन्देश दिने खालको चरित्रमा काम गर्न रुचाउने विपना 'ह्रस्व दीर्घ'मा आफ्नो त्यस्तै चरित्र रहेको दाबी गर्छिन् । उनी भन्छिन्, 'यसमा मेरो चरित्र एकदम राम्रो छ । र, बलियो पनि ।'

नेपालीहरुले हलिउड र बलिउडका प्राय: सबै कलाकारहरु चिनेजस्तै नेपाली कलाकारहरुलाई पनि विदेशीहरुले चिन्ने दिन कहिले आउँछ भनेर विपना अक्सर सोच्ने गर्थिन् रे ! 'ह्रस्व दीर्घ'बाट आफ्नो त्यो सपना पूरा भएकोमा उनी खुसी छिन् । यसमा भारतका कलाकार हरुले पनि काम गर्ने जानकारी पाएपछि उनी स्क्रिप्ट नै नपढी काम गर्न तयार भएकी रहेछिन् ।

'हामी बलिउड र बलिउडका सबै कलाकारलाई चिन्छौं । तर, हाम्रो कलाकारलाई पनि विदेशीहरुले चिनोस् न भन्ने मेरो ठूलो सपना थियो । त्यो ठाउँसम्म हामी कहिले पुग्ने होला भनेर म धेरै सोच्थें,' विपना भन्छिन्, 'मेरो सपना पूरा गर्ने पूलको काम 'ह्रस्व दीर्घ'ले गरेको छ । भारतका कलाकारहरुले पनि यसमा काम गर्ने जानकारी पाएपछि म स्क्रिप्ट नै नपढी काम गर्न तयार भएकी थिएँ ।'

भारतीय कलाकारसँग काम गर्दा नेपाली कलाकारभन्दा कुनै फरक नपाएको उनको अनुभव छ । भन्छिन्, 'भारतीय कलाकारहरु पनि एकदमै सहज हुनुहुन्थ्यो । मलाई त प्रदीप रावत (गजनी भिलेन)सँग काम गर्दा सुनिल थापा दाईसँग काम गरेकोजस्तै महसुस भयो । छायाँकार (बलिउडका कवीरलाल) पनि एकदमै सहयोगी र मिलनसार हुनुहुन्थ्यो ।'

चन्द्र पन्तको निर्देशनमा तयार भएको 'ह्रस्व दीर्घ' भोलि शुक्रबारबाट प्रदर्शनमा आउँदैछ । यसमा साउथबाट ब्रह्मानन्दम, प्रदीप रावत, सुनिल बर्मा, अली र कबीर दुहन सिंहले अभिनय गरेका छन् भने नेपाली कलाकारहरुमा विपना सहित नीता ढुंगाना, हरिहर अधिकारी, सरोज खनाल, रेखा थापा, सञ्चिता लुइँटेल, प्रशान्त ताम्राकार, किरण केसी, रविन्द्र झा लगायतको अभिनय छ ।

# भक्तराज आचार्यको बायोपिक फिल्म 'आचार्य' युट्युबमा उपलब्ध



काठमाडौं/१३ वर्षको अन्तरालमा दुईपटक हलमा प्रदर्शन गरिएको स्वर्गीय गायक तथा संगीतकार भक्तराज आचार्यको जीवनकथामा आधारित फिल्म 'आचार्य' अब नि:शुल्क प्लेटफर्म युट्युबमा उपलब्ध भएको छ । बुधबार फिल्मलाई ओएसआर डिजिटलको युट्युब च्यानलमा सार्वजनिक गरिएको हो । युट्युबमा फिल्मलाई अब्बल प्रतिक्रिया मिलेको छ । प्राय:ले मनछुने फिल्म भनेका छन् ।

'आचार्य' पहिलोपटक २०६८ सालमा प्रदर्शन भएको थियो । त्यसबेला फिल्म अपेक्षित रूपमा चल्न सकेन । गायक आचार्यको निधनपछि उनको सम्झनामा फिल्मलाई गत असार ७ गते पुन: प्रदर्शन गरिएको थियो । दोस्रो प्रदर्शन पनि सफल हुन नसकेपछि यसका निर्माताले युट्युबमा फिल्म रिलिज गरेका हुन् । गत फागुन १४ गते गायक आचार्यको निधन भएको थियो ।

प्रशान्त रसाइलीको निर्देशनमा तयार भएको फिल्ममा गायक आचार्यको जीवनका थुप्रै पाटाहरु केलाइएको छ । उनको सांगीतिक संघर्षदेखि सफलतासम्मको यात्रा देखाइएको छ । यसमा गायक आचार्यको भूमिका उनकै जेठा छोरा सत्यराज आचार्यले निर्वाह गरेका छन् ।

उनीसहित सुनिल पोखरेल, अरुणा कार्की, दयाहाङ राई, विपिन कार्की, सौगात मल्ल लगायतको पनि अभिनय रहेको फिल्ममा पाकिस्तानी गजल गायक गुलाम अली समेत प्रस्तुत छन् ।

# 'अग्निदहन'को पात्रबारे माओत्से भन्छन्, 'धामी बन्न समस्या भएन'

काठमाडौं/अभिनयमा पारंगत मानिन्छन्, माओत्से गुरुङ । रंगमञ्च पृष्ठभूमिका उनले हरेक प्रकारका चरित्रमा प्राण भरेका छन् । दुई दर्जन बढी फिल्ममा काम गरिसकेका उनको नयाँ फिल्म 'अग्निदहन' आगामी मंसिर ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ, जुन बोक्सी कुप्रथाको कथामा बनेको हो । यसमा उनी धामीको भूमिकामा छन् । ट्रेलरमा उनले बोक्सीको आरोप लगाएर महिलामाथि कुटपिट गरेको र मलमूत्र खुवाउन आदेश दिएको देख्न सकिन्छ ।

माओत्सेले धामीको चरित्र निभाउन धेरै मिहिनेत र पूर्वतयारी भने गर्नुपरेको थिएन । गाउँघरमा हुर्किएकाले बाल्यकालदेखि उनले धामी-झाँकी र महिलालाई बोक्सीको आरोप लगाएका घटना धेरै देखेका थिए । यसैले उनले आफूले देखेकै धामीबाट चरित्र निर्माण गरे । कुनै बेला उनका बुबा आफैं पनि सामान्य झारफुक गर्ने भएकाले उनलाई चरित्रमा ढल्न झनै सजिलो भयो ।

'फिल्ममा म यस्तो व्यक्ति बन्नु थियो, जसले समाजलाई आफ्नो नियन्त्रणमा राख्थ्यो । मैले यो चरित्रका लागि धेरै तयारी भने गरिनँ । म गाउँमा जन्मे-हुर्केको मान्छे हुँ । धामी-झाँक्री र बोक्सी आरोपका थुप्रै घटनाहरू धेरै देखेको थिएँ । मैले देखेका तिनै धामीबाट क्यारेक्टर निकालेको हुँ,' उनी भन्छन्, 'सामान्य झारफुक मेरो बाबाले पनि गर्नुहुन्थ्यो । त्यसैले चरित्रबारे धेरै अनुसन्धान गरिनँ ।'

ट्रेलर हेर्दा उनी क्रूर पात्र लाग्छन् । तर, आफू कथाको पात्र मात्र भएर काम गरेको उनको प्रष्टोक्ति छ । यो भूमिका निभाउन आफूलाई समस्या पनि नभएको उनी बताउँछन् । 'फिल्म गर्दा होस् वा नाटक, मलाई जुनसुकै चरित्र निभाउँदा पनि 'इमेज' बिग्रिएला कि भन्ने डर लाग्दैन । 'अग्निदहन'मा धामीको चरित्र निभाइरहँदा पनि मैले यही कुरा मनन गरेको थिएँ,' उनले भने ।

माओत्सेको बुझाईमा 'बोक्सी'को आरोप लागेका महिलाप्रति सबै धामी क्रूर हुँदैनन् । कति धामीले मनोवैज्ञानिक रूपमा 'ट्रिटमेन्ट' गरेको पनि आफूले देखेको उनी स्मरण गर्छन् ।

# बढ्दो छ वैदेशिक....

देशको मृत प्राय: राजनीति र अर्थतन्त्रका सबै सूचाङ्कहरुको बिग्रँदो अवस्था एवम् कर्मकाण्डीय समाधानले मात्र मृत्युशैयामा रहेको अर्थतन्त्रलाई उठाउन चुनौतीपूर्ण छ । भ्रष्टाचार र लुटको संस्कृतिलाई आत्मसात् गरेका आजका यी शासकवर्गले यो तथ्यलाई कहिल्यै पनि बुझेनन् र बुझ्ने प्रयास पनि गरेनन् । नागरिक बेच्ने शासकहरु भन्दै लेखक यादव देवकोटा कान्तिपुरमा लेख्छन्- यस्तो लाग्छ, अब शासकहरुले बेच्न बाँकी केही छैन, देशै लिलाममा राख्नेबाहेक । हामी संसारकै गरिब, दरिद्र र हीनतर त छँदै थियौं । देशको स्वाभिमानसमेत लिलाममा चढाउनेहरुलाई पालैपालो सत्ताको गजुर पहिऱ्याउने संसारका निकम्मा मानिसहरुमा समेत दर्ज भएका छौं ।

मुलुकको विकास र वैदेशिक ऋणभार कम गर्ने हो भने सर्वप्रथम सेतो हात्तीको रुपमा रहेका प्रदेशहरुलाई अविलम्ब खारेज गर्नुपर्छ । सँघ र स्थानीय सरकार बाटै देशको विकास सहज र सम्भव छ । प्रदेश सरकारहरु त केवल जनता र मुलुकमारा मात्रै भएका छन् । यति सानो देशमा सातवटा प्रदेश एक सयभन्दा बढी मन्त्री र त्यही संख्यामा मन्त्रालयहरु, ५५० जना सांसद, प्रदेशप्रमुख, सभामुख, उपसभामुख, संसदीय दलको नेता, उपनेता, प्रमुख सचेतक, सचेतक र उनीहरुका सल्लाहकार, निजी सचिव आसेपासे, नातागोता र झोलेझाम्टेहरु गरी झन्डै पाँच हजारको संख्यामा रहेका यस्ता मठाधीशहरुले प्रदेश सरकारको नाउँमा देशमा ब्रह्मलुट मच्चाउने काम गरिरहेकै छन् ।

आजसम्मको प्रदेश सरकारको अवस्थालाई हेर्दा यो पूर्णरुपमा असफल भएको छ । सेतो हात्ती पाल्नको लागि प्रदेश सरकारले अन्धाधुन्ध कर उठाएर जनतालाई प्रताडित गर्ने काम गरेको छ, तर जनतालाई केही सुविधा छैन । मुलुकको अर्थतन्त्र सम्पूर्णरुपले आयात निर्भर हुन पुगेको नालायिकी सरकारको प्रतिफल हो । राज्यसत्ता सञ्चालकहरुबाटै देशको अर्थतन्त्र सङ्कटमा परेका दर्जन उदाहरण छन् ।

देशमा गणतन्त्र स्थापना भएयताका १८ वर्षमा १४ वटा सरकार र १८ पटक अर्थमन्त्री फेरिए, जसमध्ये १२ पटक प्रधानमन्त्रीको निकट रहेकाहरु अर्थमन्त्री बने, तर देशको अर्थतन्त्रबारे विश्वविद्यालयबाट कुनै पनि औपचारिक शिक्षा नलिएका, अक्सर आर्थिक पद्धति र नेपाली अर्थतन्त्रको संरचनाबारे सामान्य ज्ञानसम्म नभएकाहरु देशको अर्थमन्त्री बनेपछि मुलुकको जीडीपी कसरी वृद्धि हुन सक्छ ? सत्ता स्वार्थका कारण पटक-पटक राजनीति अस्थिरता रहँदा अन्तर्राष्ट्रिय जगत्मा समेत नेपालको साख र शान दुवै गिरेको छ ।

पटक-पटकका नालायकी सरकारको कारण देशको व्यापार घाटा १८ खर्ब रुपियाँ पुगेको छ, जुन एक दशकअघि रु. ५ खर्ब ३६ अर्ब २३ करोड मात्र थियो । अत्यावश्यक वस्तु मात्र हैन, विलासिताका वस्तुको उच्च आयातले व्यापारघाटा चुलिएको छ । वित्तीय अनुशासनहीनताको पराकाष्ठा आर्थिक सीमाभन्दा बाहिर गएर खर्च गर्ने प्रवृत्तिले देशको बेरुजु रु. १४ खर्बको हाराहारीमा पुगेको छ । सरकारको नेतृत्व लिने प्रधानमन्त्रीद्वारा बेरुजु असुल गर्ने कुनै एउटा सक्षम निकायको कल्पनासम्म पनि नगर्नु राजनीतिक पाखण्डबाहेक अरु के नै हुन सक्छ ?

देशको सार्वजनिक ऋणसम्बन्धमा एउटा रोचक प्रसङ्ग छ- जनआन्दोलन २०४६ को क्रममा केही नेताहरुले लैनचौरको एक आमसभालाई सम्बोधन गर्दै उग्र भाषणमा भनेका थिए- देशको वैदेशिक ऋण २९ अर्ब पुगिसक्यो, अब राजा भागेर विदेश जान्छन्, त्यो सबै ऋण देशले कहिले तिर्ने भनिरहँदा त्यसयताका ३५ वर्षमा देशको कुल ऋण २५.५ खर्ब नाघेको छ, तर यता राजा यहीं थिए र छन्, के आरोप लगाउनेहरुसँग आज यसको जवाफ छ ? नेपाली जनता यही प्रश्न गरिरहकै छन् । देशमा सार्वजनिक ऋण जतिसुकै बढोस्, सत्ताधारीहरुमा कुनै प्रकारको चिन्ता र चासो देखिँदैन । देश र जनता जहाँसुकै पुगून्, त्यसको अलिकति पनि मतलब छैन । 'आफू सत्ता र प्रतिपक्षमा रहुन्जेल राष्ट्रिय सम्पत्तिको चरम दोहनसहित मोजमस्ती गरिरहूँ' भन्ने चरित्रको विकास भएको छ यहाँ ।

*(साभार: न्यूज अफ नेपाल)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# तोरीखेतीमा किसानको आकर्षण बढ्दै

अम्बिका बस्नेत

हेटौंडा, २९ कात्तिक/ मकवानपुरका हेटौंडा उपमहानगर पालिकासहित अधिकांश स्थानीय तहका किसान तोर ी खेतीप्रति अग्रसर भएका छन् । विगतमा आलुखेती हुने खेतमा तोरी लगाइ रहेका छन्, किसानले ।



हेटौंडा-११ तल्लोताल र हेटौंडा-१२ आल्दमारका अधिकांश किसानले तोरीखेती गरेका छन् । तेलहन बालीको रुपमा रहेको तोरीखेतीप्रति मकवानपुरगढीका किसानको पनि आकर्षण बढेको छ । नगदेबाली आलु लगाउन छोडेर तोरीखेतीमा किसानको आकर्षण बढ्नुलाई बजारको महंगी कारणका रुपमा लिन सकिन्छ । तोरीको तेलको मूल्य छोइनसक्नु भएपछि किसानले तोरी उत्पादन गर्ने थालेका हुन् ।

एउटा सामान्य परिवारले तोरीको तेल किनेर खाननसक्ने अवस्था आइसकेको मकवानपुरगढी-५ का सुरेन्द्र हुमागाईं बताउँछन् । मकवानपुरगढीको ५ नम्बर वडाको धादिङ-भालुखोला फाँट, ३ नम्बर वडाको धमिले फाँटमा तोरी लगाउने बढेका हुन् । हेटौंडाको १६, १७ र १८ नम्बर वडास्थित चुच्चेखोला, राजदेवी, दोभानचौर फुर्केचौर फाँटमा पनि आलु भन्दा तोरीखेती गर्नेको संख्या बढ्दैछ ।

नेपालमा दुई लाख ६० हजार ३०७ हेक्टर क्षेत्रफलमा तेलहन बालीलगाउने काम गरिँदै आएको छ । यहाँ वार्षिक दुई लाख ८० हजार ५३० मेट्रिक्टन उत्पादन हुने गरेको कृषि ज्ञानकेन्द्रले जनाएको छ । तेलहन बाली गरिने क्षेत्रमध्ये ९० प्रतिशत क्षेत्रमा तोरी खेती गरिने गरिएको छ । १० प्रतिशत क्षेत्रफलमा सूर्यमुखी, सरस्यूँ, तिल, आलसजस्ता तेलहन बाली गरिने गरिन्छ । कैलाली, बर्दिया र दाङमा विशेषगरी तोरीखेती बढी गर्ने जिल्लाको रुपमा चिनिन्छ ।

पहिलेपहिले तोरीका लागि प्रख्यात जिल्ला मानिएको चितवन र मकवानपुरमा पछिल्ला वर्षमा भने उत्पादन घट्दै गएको थियो । तर, गतवर्षदेखि मकवानपुरका किसान पनि तोरीखेतीतर्फ आकर्षित भएका छन् । हेटौंडा-१२ आल्दमारमा सिंचाई कम हुने हुँदा धान रोपिदैन भने कहिकतै मात्रै विद्युतीय मोटरको भरमा सिंचाई हुने गरेको छ । त्यस ठाउँमा प्रख्यात रहेको कोदो, मकै र तोरी जस्ता बाली १२ महिना नै त्यहाँका किसानले लगाउने गर्दछन् ।

हालै धान नरोपेता पनि मकै थन्काईसकेपछि तोरी छरिएको आल्दमारका किसान खड्गबहादुर चापागाईंले बताए । तोरीखेतीबाट तेल आयात न्यूनीकरणमा मद्दत पुग्ने हुनाले पनि यसको महत्व छ । तोरी छरिसकेपछि साग, सागबाट बनेको गुन्द्रुक खान मिल्छ भने यसको फलबाट तेल निकाल्न सकिन्छ । तोरीको तेल खानको लागि प्रयोग गरिन्छ त्यसबाट निस्किएको पिना मलको रुपमा अन्नबालीमा छरिने गरेको चापागाईंले बताए ।

नेपालमा तोरीको तेलको बढ्दो माग र स्वास्थ्यलाभको बारेमा बढ्दो जनचेतनाले तोरीखेतीको पुन:उत्थानको सम्भावना उत्पन्न गरेको छ । बजारमा पाइने गरेको तेलभन्दा बारीमा उत्पादन गरिएको तोरीको तेलको प्रयोगले स्वास्थ्यको लागि फलदायी हुने तल्लोतालका किसान शेरबहादुर वाइबाले बताए । तोरीखेतीले तेलको मागको पुर्ति गर्ने र बाहिरी मुलुकबाट तेलको आयात गर्न नपर्ने उनले बताए । उनले भाडाको जग्गामा पनि तोरीखेती गरि रहेका छन् । एक बाली तोरीले वर्षभरि तेल किन्ने झन्झटबाट मुक्त हुने उनले बताए । एक बालीमा तोरी ३ देखि ४ कुन्टलसम्म आउने वाइबाले बताए ।

नेपालको तोरी उत्पादकत्व हाल प्रतिहेक्टर औसत १ हजार १ सय किलोग्राम रहेको छ, जुन विश्वव्यापी औषत २ हजार किलोग्राम भन्दा कम छ । कृषिविज्ञको अनुसार उन्नतखेती प्रोटोकल र कृषकलाई प्रोत्साहन गर्ने उपाय लागू गरेमा नेपालमा तोरी उत्पादनमा वृद्धि गर्न सकिन्छ । यसका लागि कृषि अनुसन्धान र नयाँ प्रविधिको प्रयोग अत्यन्त आवश्यक रहेको बताइएको छ ।

# उपकरण मर्मतमा ढिलाईले हेटौंडा सिमेन्टको उत्पादन ठप्प

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ निर्धारित समयमा उपकरण मर्मतको काम नसकिदा हेटौंडा सिमेन्ट उद्योग सञ्चालनमा ढिलाइ भएको छ । लगातार घाटामा गएको उद्योगको उत्पादन ठप्प भएको छ । उद्योग व्यवस्थापनले तिहारपछि सिमेन्ट उत्पादन सुरु गर्ने भनिए पनि विभिन्न उपकरण मर्मतको काम नसकिँदा अझै उत्पादन सुरु हुन नसकेको हो ।



पहिले उत्पादन गरिएको सिमेन्ट बिक्रीको काम भइरहेपनि सिमेन्ट उत्पादनको काम भने अझै दुइ साता लाग्ने उद्योग व्यावस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले बताए । अध्यक्ष भण्डारीले उपकरण मर्मतमा ढिलाइ भएका कारण योजनाअनुसार उत्पादन सुरु गर्न नसकिएको बताए । 'उद्योगको क्लिनिकलरलगायत उपकरणाको मर्मतकार्य अझै भइरहेकै छ । हामीले तिहारसम्ममा मर्मत सकिन्छ र लगत्तै पुन:उत्पादन सुरु हुने अनुमान गरेका थियौं । तर, अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योग सञ्चालन हुन अझै करिब १५ दिन लाग्न सक्छ,' उनले भने ।

उद्योगबाट बितेको असोज १५ गतेदेखि उत्पादन बन्द गरिएको थियो । उपकरण मर्मतका लागि भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले यससम्बन्धी काममा थप समय लागेको जानकारी दिँदै अध्यक्ष भण्डारीले तीव्ररुपमा मर्मतसम्भार भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तै उत्पादन सुरु गरिने बताए । 'हामीसँग कच्चापदार्थको कुनै अभाव छैन । उद्योगलाई चाहिने करिब चारसय मेट्रिकटन कोइला मौज्दात छ । थप कोइला खरिद प्रक्रिया अघि बढिसकेको छ, त्यसैले कोइलाको समस्या छैन,' उनले भने ।

आर्थिक अभावका कारण यसअघि दुई महिना उद्योग बन्द भएको थियो । गत भदौको तेस्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको उद्योगले यसअवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले जानकारी दिए । वि.सं २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना गरिएको उद्योगले वि.सं २०४३ सालदेखि सिमेन्टको व्यवसायिक उत्पादन सुरु गरेको थियो ।

# मकवानपुरगढी जेसीज र मनहरी-५ अन्तिम चारमा

साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ मनहरी गाउँपालिका-४, मसिनेस्थित खेलमैदानमा जारी दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा मकवानपुरगढी जेसीज र मनहरी-५ नम्बर वडा अन्तिम चारमा प्रवेश गरेका छन् ।




मकवानपुरगढी जेसीजले पदमपोखरी युनाइटेडलाई टाइब्रेकरमा हराउँदै सेमिफाइनल यात्रा तय गरेको हो । निर्धारित समय गोलर हित बराबरी भएपछि सीधै टाइब्रेकरमा खेल धकेलिएको थियो । खेलमा मकवानपुरगढी जेसीज र पदमपोखरी दुवैले गोल गर्ने केही राम्रो मौका पाएपनि गोल गर्न सकेनन् । टाइब्रेकरमा जेसीजको तर्फबाट कुलदीप कार्की, रोशन पहारी, अन्जन बछार, मनिष पौडेल र अस्मित गोङ्बाको प्रहार गोलमा परिणत हुँदा पदमपोखरीका सुशील गोले, सन्जिव स्याङ्तान, सिजन लामाको प्रहार मात्र गोल भएको थियो ।

मैसाङ वाइबाको प्रहार लाई जेसीजका गोलरक्षक अस्मित गोङ्बाले बचाएका थिए । गोङ्बा नै खेलको म्यान अफ द म्याच घोषित भए । यसैगरी, मनहरी-५ ले मनहरी-२ लाई हराउँदै सेमिफाइनलमा स्थान पक्का गऱ्यो । निकै प्रतिस्पर्धात्मक खेलमा ५ ले २ लाई १-० गोलले स्तब्ध बनाएको हो । खेलको २० औं मिनेटमा निरप घलानले गरेको गोल नै ५ नम्बरको जितमा निर्णायक बन्यो । घलान नै खेलको म्यान अफ द म्याच बने ।

यस्तै दोस्रो खेलमा जारी प्रतियोगितामा शुक्रबार पहिलो सेमिफाइनल खेल हुनेछ । प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार पाँचसय तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् ।

# साना उद्यमीद्वारा उत्पादित वस्तु प्रदर्शनी मेला



साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ हेटौंडामा साना तथा मझौला उद्यमीका उत्पादित वस्तुहरुको बजार प्रदर्शनी दुई दिने मेला सुरु भएको छ । विहीबारबाट सुरु भएको मेला शुक्रबारसम्म सञ्चालन हुनेछ ।

एलोइ प्रा.लि र संयुक्त राष्ट्र विकास कार्यक्रमको साझेदारीमा मेला आयोजना गरिएको हो । मेला हेटौंडा-२ पल्पसा हलमा सञ्चालित छ । मेलामा सामूदायिक वन उपभोक्ता समूह र मकवानपुरमा रहेका साना तथा मझौला उद्योगबाट उत्पादित वस्तुलाई प्रदर्शनीमा राखिएको छ ।

स्थानीय उत्पादन प्रोत्साहन तथा दीगो समृद्धि प्रवर्द्धन: सामूदायिक वन उपभोक्ता समूह र साना तथा मझौला उद्योग बजार प्रदर्शनी मेलाले स्थानीय उत्पादन प्रोत्साहन तथा आर्थिक विकासको प्रवर्द्धन गर्ने लक्ष्य रहेको आयोजक एलोई प्रा.लिका अप्रेसन अफिसर मलिना मानन्धरले बताइन् । मेलामा हस्तकलाका सामग्री, स्थानीय उत्पादन, खाद्यस्टल र विभिन्न कृषिजन्य वस्तुको स्टल रहेको उनले बताइन् ।

मेलालाई हेटौंडा उपमहानगरपालिका, नेपाल उद्योग वाणिज्य महासंघ र प्राकृतिक स्रोत महिला अधिकारी सञ्जालको सहयोग रहेको छ । २३ वटा स्टल रहेको मेलामा विहीबार दुईसय भन्दाबढीले स्टलको अवलोकन गरेको जनाइएको छ । शुक्रबार विहान १० बजेबाट ५ बजेसम्म मेला जारी रहने मानन्धरले बताइन् ।

महिलाद्धारा उत्पादित दालमोठ, धुप, आलुचिप्स, विभिन्न अचार, हस्तकला, काष्ठकला, वन समूहले उत्पादन गरेको बेसार, दारको ठेकी, काठबाट सालकको चित्र, वनकरिया महिलाद्धारा उत्पादित तितेपाती, घ्युकुमारी, साबुन, सहकारीद्वारा उत्पादित घ्यु, पनिर, फापरको पिठो, तेल, ह्याण्डीक्राफ्ट लगायत विभिन्न वस्तु प्रदर्शनीमा राखिएको छ ।

# एक स्वास्थ्य अवधारणा कार्यान्वयन अघि बढाउँदै प्रदेश सरकार



साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ बागमती प्रदेश सरकारले प्रदेशस्तरमा एक स्वास्थ्य अवधारणा कार्यान्वयन गर्न प्राविधिक समन्वय समितिको खाका तयार गरेको छ । कृषि तथा पशु विकासमन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा यससम्बन्धी प्रस्ताव प्रस्तुत गरिएको हो ।

कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले एक स्वास्थ्य अवधारणा कार्यान्वयनका लागि स्थानीय तहको सहभागिता र कर्मचारी संयन्त्रको व्यवस्थित परिचालन आवश्यक रहेको बताए । उनले छोटो र प्रभावकारी ढंगले यो अवधारणालाई अघि बढाउनुपर्नेमा जोड दिँदै यसको दिगो कार्यान्वयनका लागि आफू प्रतिबद्ध रहेको बताए ।

प्रस्तावित खाकाअनुसार प्रदेशस्तरमा एक स्वास्थ्य अवधारणा आवश्यक हुनुका प्रमुख कारणमा स्थानीय रोगको नियन्त्रण र रोकथाम, स्रोत र साधनको प्रभावकारी परि चालन तथा विभिन्न क्षेत्रबीच समन्वय र सहकार्य रहेका छन् । यसैगरी प्राकृतिक विपद्को सामना, जनचेतना अभिवृद्धि, आर्थिक विकास र खाद्यसुरक्षा तथा स्थानीय चुनौतीको समाधान गर्न पनि यो अवधारणा महत्वपूर्ण हुने प्रस्तावमा उल्लेख गरिएको छ ।

विशेषगरी जनावरबाट मानिसमा सर्ने रोगको पहिचान, नियन्त्रण र रोकथामका लागि यो अवधारणाले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ । साथै यसले कृषि, वातावरण र वन्यजन्तु क्षेत्रबीचको समन्वयलाई प्रभावकारी बनाउने विश्वास गरिएको छ । कार्यक्रम इडिसिडि निर्देशकका डा. यदुचन्द्र घिमिरेको सभाध्यक्षमा भएको थियो ।

जनसंख्या तथा स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. दीपेन्द्ररमन सिंह, प्रदेशको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका सचिव विनोदकुमार भट्टराईलगायत कृषि र स्वास्थ्य मन्त्रालयका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# बागमती कांग्रेसले नगरप्रमुखको उम्मेदवार चयन गर्न बोलायो बैठक



साझाकुरा संवाददाता

हेटौंडा, २९ कात्तिक/ नेपाली कांग्रेस बागमती प्रदेश समितिले कीर्तिपुर नगरपालिकाको प्रमुख पदको उम्मेदवारको निर्णय लिन बागमती प्रदेश संसदीय समितिको बैठक बोलाएको छ ।

मंसिर १ गते केन्द्रीय कार्यालय सानेपामा बैठक बस्ने गरी बागमती प्रदेशका कांग्रेस मुख्यसचिव राजु नेपालले सूचना जारी गरेका छन् । शनिबार दिउँसो २ बजे बैठक बस्ने भएको छ । कांग्रेसको विधानअनुसार नगरको प्रमुख र उपप्रमुखको उम्मेदवार प्रदेश संसदीय समितिले तोक्ने व्यवस्था छ । प्रदेश संसदीय समितिमा प्रदेशका सभापति, दुई उपसभापति, दुई महामन्त्री, कोषाध्यक्ष, ३ जना सहमहामन्त्री र ९ जना सभापतिले तोकेका व्यक्ति हुने व्यवस्था छ ।

कीर्तिपुरको प्रमुखको पदका लागि ११ जनाको नाम सिफारिस भएर प्रदेश संसदीय समितिमा आएको छ । सिफारिस हुनेहरुमा कृष्णमान डंगोल, बद्रीलाल महर्जन, हिमाल कार्की, जमुना नकर्मी, संगीता बोगटी, सशिर महर्जन, जनकलाल महर्जन, राममान सिंह, मीनप्रकाश महर्जन, किरण केसी र सचिन्द्र महर्जन छन् ।

कांग्रेसका बागमती प्रदेशका एक पदाधिकारीका अनुसार तीनजनाको नाम चर्चामा छ । उनका अनुसार कृष्णमान डंगोल, हिमाल कार्की र जमुना नकर्मी मूख्य प्रतिस्पर्धीमा देखिएका छन् । 'नगरसभापतिको भूमिकामा रहेकाले कृष्णमान स्वत: प्रतिस्पर्धी हुन् । हिमाल कार्कीलाई क्षेत्रमा सांसद राजन केसीको समर्थन छ,' ती नेताले भने, 'पूर्वनगर प्रमुखको श्रीमती जमुनालाई दिनुपर्छ कि भन्नेमा सभापति देउवा देखिएजस्तो लाग्छ ।'


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- ☞ अनलाइन फर्म भर्ने सुविधा ।
- ☞ रोड टेस्ट गराइन्छ ।
- ☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- ☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- ☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी ढुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७



## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि निम्न अनुसारको कर्मचारी आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तह** : ४ (चौथो)
**पद** : कार्यालय सहायक
आवश्यक संख्या : १ जना
**शैक्षिक योग्यता** : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकार्य वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई +२ उत्तिर्ण वा कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आधारभूत तलब** : रु. २१,२७५।००
**भत्ता** : रु. १,०००।०० + रु. ५,०००।०० एक हजार शुरुबाट नै पाउने (बाँकी परीक्षण काल पछि)
**अन्य सुविधा** : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण काल पछि
**परीक्षण काल** : १ वर्ष
**विशेष क्षमता** : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power point मा राम्रो क्षमता भएको ।
**पेश गर्न पर्ने कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाण-पत्र
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**दरखास्त खुल्ला मिति** : २०८१।०७।२८
**दरखास्त अन्तिम मिति** : २०८१।०८।१२ कार्यालय समय भित्र
**लिखित परीक्षा** : २०८१।०८।१४
**मौखिक तथा प्रयोगात्मक** : २०८१।०८।१५
**नतिजा प्रकाशन** : २०८१।०८।१६
**परीक्षा दस्तुर** : रु. १०००।००

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौडा-२ संगमचोक देवीपथ
सम्पर्क नं. : ९८४५२८८३२४


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना